# प्रादेशिक आर्थिक गतिविधि अध्ययन
# (मधेश प्रदेश)

## वार्षिक प्रतिवेदन

(आ.व.२०७८/०७९)




## नेपाल राष्ट्र बैंक

### जनकपुर कार्यालय

२०७९ मंसिर

# भूमिका

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को (दोस्रो संशोधन, २०७३ समेत) दफा १२ मा बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्राप्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर स्थिति तथा विदेशी विनिमय लगायतका विषयमा आफूले गरेका तथ्याङ्कगत विश्लेषणको जानकारी नियमित रुपले प्रकाशन र प्रसारण गर्नुपर्ने व्यवस्था उल्लेख भए अनुरुप यस बैंकले देशको समष्टिगत आर्थिक तथा वित्तीय क्षेत्रका तथ्याङ्कहरुको संकलन, अध्ययन एवम् विश्लेषण गरी सो सम्बन्धी प्रतिवेदनहरु नियमित रुपमा सार्वजनिक गर्दै आएको छ ।

मुलुकको शासकीय स्वरुप संघीय संरचनामा रुपान्तरण भए पश्चात् केन्द्रीय बैंकको भूमिकालाई प्रादेशिक स्तरसम्म पुऱ्याउने अभिप्रायले सबै प्रदेशमा बैंकका प्रादेशिक कार्यालय स्थापना गरिनुका साथै आर्थिक गतिविधि अध्ययनको लागि तोकिएका जिल्लाहरुको संख्या ५८ बाट ७७ पुऱ्याइएको छ । कार्यक्षेत्र विस्तारसँगै आर्थिक गतिविधि अध्ययन एवम् प्रतिवेदन प्रकाशन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न अवलम्बन गरिएको मार्गदर्शनमा समसामयिक संशोधन गरी **"आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)"** कार्यान्वयनमा ल्याइएको छ । उक्त मार्गदर्शन अनुसार मधेश प्रदेशको ८ वटा जिल्लाहरु (सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा) को समग्र आर्थिक तथा वित्तीय अवस्थाको अध्ययन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

मधेश प्रदेशका ८ वटै जिल्लाहरुको स्थलगत सर्वेक्षणका माध्यमबाट कृषि, उद्योग, सेवाका साथै पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको जिल्लागत रुपमा तथ्याङ्क संकलन तथा प्रशोधन गरी यो वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ । क्षेत्रगत आर्थिक गतिविधिको तथ्याङ्कीय अवस्थाका साथै प्रत्येक क्षेत्रमा विद्यमान समस्या/चुनौती र सम्भावनाहरुलाई समेत यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ । यस प्रतिवेदनमा जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा प्रदेशको समग्र अवस्था प्रस्तुत गरिएको छ भने सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषणसमेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा बाँकी अवधिको परिदृश्य समेत चित्रण गरिएको छ । मधेश प्रदेशका ८ वटै जिल्लाहरुको वार्षिक तथ्याङ्कलाई आधार मानी तयार गरिएको यो अध्ययन प्रतिवेदनले नीति निर्माता एवम् सम्बन्धित सरोकारवालाहरुलाई प्रादेशिक आर्थिक अवस्था लगायत विद्यमान समस्या/चुनौती, सम्भावना एवम् परिदृश्यका बारेमा जानकारी उपलब्ध गराउन सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

अध्ययन कार्य सम्पन्न गरी यो अध्ययन प्रतिवेदन तयार गर्ने कार्यमा महत्वपूर्ण योगदान दिनुहुने बैंकिङ्ग विकास तथा अनुसन्धान ईकाईका उप दिर्नेशक अच्युत कुमार थापा, सहायक निर्देशक राधेश्याम साह, प्रधान सहायक सुरेन्द्रकुमार साह र सहायक सन्तोष कुमार तामाङ्गलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**निर्देशक**

निरा ताल्चाभडेल
**नेपाल राष्ट्र बैंक**
जनकपुर कार्यालय

# विषय सूची


| | | |
|---|---|---|
| | | **पेज नं.** |
| **भूमिका** | | **i** |
| **विषय सूची** | | **ii** |
| **तालिका सूची** | | **iv** |
| **चार्ट सूची** | | **v** |
| **कार्यकारी सारांश** | | **vi** |
| **परिच्छेद : १ परिचय** | | **१-३** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन | १ |
| १.३ | अध्ययन प्रतिवेदनको सीमा | २ |
| १.४ | अध्ययन प्रतिवेदनको ढाँचा | ३ |
| **परिच्छेद : २ मधेश प्रदेशको तुलनात्मक आर्थिक स्थिति** | | **४-९** |
| २.१ | कुल गार्हस्थ्य उत्पादन | ४ |
| | २.१.१ राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको क्षेत्रगत हिस्सा | ४ |
| | २.१.२ राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान | ५ |
| | २.१.३ प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर | ५ |
| २.२ | प्रदेशगत वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति | ६ |
| २.३ | प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ७ |
| **परिच्छेद : ३ कृषि क्षेत्र** | | **१०-१९** |
| ३.१ | प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र | १० |
| ३.२ | कृषि उत्पादन | १२ |
| ३.३ | पशुपन्क्षी, माछा तथा वनजन्य उत्पादन | १४ |
| ३.४ | सिँचाइ तथा मौसम | १५ |
| ३.५ | क्षेत्रगत कृषि कर्जा | १६ |
| ३.६ | सहुलियतपूर्ण कर्जा | १६ |
| ३.७ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १७ |
| **परिच्छेद : ४ उद्योग क्षेत्र** | | **२०-२५** |
| ४.१ | प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन | २० |

| | | |
|---|---|---|
| ४.२ | औद्योगिक कर्जा स्थिति | २२ |
| ४.३ | क्षेत्रगत औद्योगिक कर्जा स्थिति | २२ |
| ४.४ | औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | २३ |
| **परिच्छेद : ५ सेवा क्षेत्र** | | **२६-३३** |
| ५.१ | पर्यटन | २६ |
| ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २७ |
| ५.३ | वित्तीय सेवा | २८ |
| ५.४ | निक्षेप तथा कर्जा स्थिति | २९ |
| ५.५ | यातायात | २९ |
| ५.६ | शिक्षा तथा स्वास्थ्य | ३० |
| ५.७ | सेवा क्षेत्र कर्जा | ३० |
| ५.८ | सहकारी क्षेत्र | ३१ |
| ५.९ | सेवा क्षेत्रको चुनौती र सम्भावना | ३२ |
| **परिच्छेद : ६ पूर्वाधार र रोजगारी** | | **३४-४०** |
| ६.१ | पूर्वाधार क्षेत्र | ३४ |
| ६.२ | रोजगारी | ३७ |
| ६.३ | पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना | ३८ |
| **परिच्छेद : ७ प्रादेशिक कार्यक्रम तथा योजना** | | **४१-४०** |
| ७.१ | मधेश प्रदेश सरकारको बजेट तथा कार्यक्रम | ४१ |
| ७.२ | मधेश प्रदेश सरकारको वित्तिय हस्तान्तरण | ४३ |
| **परिच्छेदः ८ आर्थिक परिदृश्य** | | **४४-४५** |
| ८.१ | प्रदेशको आर्थिक परिदृश्य | ४४ |
| | ८.१.१ कृषि तथा वनजन्य उत्पादन | ४४ |
| | ८.१.२ औद्योगिक उत्पादन | ४५ |
| | ८.१.३ सेवा क्षेत्र | ४५ |
| | ८.१.४ पूर्वाधार क्षेत्र | ४५ |

# तालिका सूची


| शीर्षक | पेज नं. |
|---|---|
| तालिका २.१: वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति | ६ |
| तालिका ३.१: तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्र (हेक्टरमा) | ११ |
| तालिका ३.२: मधेश प्रदेशका विभिन्न जिल्लामा कृषि बालीको उत्पादन (मे.टनमा) | १२ |
| तालिका ३.३: मधेश प्रदेशमा तरकारी तथा वागवनी उत्पादन (मे.टनमा) | १३ |
| तालिका ३.४: मधेश प्रदेशको पशुपंक्षीजन्य उत्पादन | १४ |
| तालिका ३.५: मधेश प्रदेशको माछा उत्पादन स्थिति (मे.टनमा) | १५ |
| तालिका ३.६: मधेश प्रदेशमा प्रवाहित कृषि कर्जा (रु.करोडमा) | १६ |
| तालिका ३.७: मधेश प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जा (रु.करोडमा) | १७ |
| तालिका ४.१: जिल्लागत औद्योगिक कर्जाको स्थिति (रु.करोडमा) | २२ |
| तालिका ५.१: सार्वजनिक निर्माण तथा रियलस्टेट | २८ |
| तालिका ५.२: २०७९ असार मसान्तसम्मको बैंक तथा वित्तीय संस्थाका सेवाहरू | २८ |
| तालिका ५.३: मधेश प्रदेशमा यातायात साधनको नयाँ दर्ताको स्थिति | २९ |
| तालिका ५.४: सेवा क्षेत्र कर्जाको स्थिति (रु.करोडमा) | ३० |
| तालिका ५.५: जिल्लागत सेवा क्षेत्र कर्जा (रु.करोडमा) | ३१ |
| तालिका ६.१: श्रम स्वीकृति लिनेहरूको संख्या | ३७ |
| तालिका ७.१: आ.व.२०७८/०७९ को मधेश प्रदेशको सरकारी वित्त | ४१ |


# चार्ट सूची

| शीर्षक | पेज नं. |
|---|---|
| चार्ट २.१: प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशतमा) | ४ |
| चार्ट २.२: कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा) | ५ |
| चार्ट २.३: आधारभूत मूल्यमा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशतमा) | ५ |
| चार्ट ३.१: खाद्य तथा अन्य बालीहरूले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा) | १० |
| चार्ट ३.२: सिचाई क्षेत्रमा भएको विस्तार (हेक्टरमा) | १६ |
| चार्ट ४.१: प्रमुख उद्योगको क्षमता उपयोग (प्रतिशतमा) | २० |
| चार्ट ४.२: प्रमुख उद्योगको उत्पादन वृद्धि (प्रतिशतमा) | २१ |
| चार्ट ४.३: औद्योगिक कर्जा लगानी स्थिति (रु.करोडमा) | २३ |
| चार्ट ५.१: पर्यटन आगमनको संख्या (प्रतिशतमा) | २६ |
| चार्ट ५.२: निक्षेप तथा कर्जा स्थिति (रु.करोडमा) | २९ |
| चार्ट ५.३: सहकारी क्षेत्रको पूँजी, वचत र ऋण लगानीको अवस्था (दश लाखमा) | ३२ |
| चार्ट ७.१: कुल राजश्वमा कर राजश्व र गैरकर राजश्वको अंश | ४२ |
| चार्ट ७.२: नेपाल सरकारबाट प्राप्त अनुदानको संरचना | ४२ |
| चार्ट ७.३: प्रदेश सरकारको जिल्लागत खर्च विवरण | ४३ |
| चार्ट ७.४: प्रदेश सरकारको वित्तिय हस्तान्तरण विवरण | ४३ |

# कार्यकारी सारांश

मधेश प्रदेशका ८ वटा जिल्लाहरू पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरीमा भएको आर्थिक गतिविधिहरूको स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा सूचनाको आधारमा तयार गरिएको आर्थिक वर्ष २०७८/७९ को वार्षिक अध्ययन प्रतिवेदनको सार संक्षेप निम्नानुसार प्रस्तुत गरिएको छ।

**कृषि**

आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेशमा प्रमुख कृषि उपज (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्रफलमा ०.३० प्रतिशतले ह्रास आई ११ लाख ६३ हजार २९ हेक्टर पुगेको छ। यस आर्थिक वर्षमा प्रदेशको समग्र कृषि बालीहरू (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसला) को कुल उत्पादनमा ०.५३ प्रतिशतले ह्रास आई ६३ लाख ८२ हजार ६ सय १२ मे.टन ठपुगेको छ।

समीक्षा वर्षमा दुधको उत्पादनमा ६.०३ प्रतिशतले ह्रास आएको छ भने मासु, अण्डा र छालाको उत्पादनमा क्रमशः ६.४९, २.३३ र ४.८५ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी माछाको उत्पादनमा ६.४२ प्रतिशतले वृद्धि भएको छ। समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशको कृषि क्षेत्रमा प्रवाह भएको कर्जा रु.५३ अर्ब ९५ करोड पुगेको छ जुन कुल कर्जाको १२.५५ प्रतिशत हुन आउँछ।

**उद्योग**

समीक्षा वर्षमामा यस प्रदेशका प्रमुख उद्योगहरूको उत्पादन क्षमता उपयोग औसतमा ६३.९८ प्रतिशत रहेको छ भने उत्पादन वृद्धि औसतमा (Average Production Growth) ५.२३ प्रतिशत रहेको छ। समीक्षा वर्षमा यस प्रदेशमाा बैंक तथा वित्तीय संस्थाबाट औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा २.९५ प्रतिशतले ह्रास आई रु.१ खर्ब २ अर्ब १३ करोड पुगेको छ।

मधेश प्रदेशको उद्योग क्षेत्रमा प्रवाहित कुल कर्जामध्ये गैर-खाद्यवस्तु उत्पादन उद्योगतर्फ ५२.३९ प्रतिशत, कृषि-वन तथा पेय पदार्थ उत्पादन उद्योगतर्फ ३०.५७ प्रतिशत, धातुको उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक्स तथा धातुका सामान उत्पादन तर्फ ७.६२ प्रतिशत, निर्माण उद्योगतर्फ ७.२७ प्रतिशत, खानी उद्योगतर्फ १.६६ प्रतिशत र विद्युत, ग्याँस तथा पानी उद्योगतर्फ ०.४८ प्रतिशत कर्जा प्रवाह भएको छ।

**सेवा**

समीक्षा वर्षमा मधेश प्रदेशको पर्यटकस्तरीय होटलमा कार्यरत कर्मचारीहरूको संख्या र पर्यटकको आगमनमा क्रमशः ३६.४३ र २५४.५९ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेसन संख्यामा १७.११ प्रतिशतले वृद्धि भएको छ भने घर जग्गा रजिष्ट्रेशनबाट संकलित राजस्वमा ३३.२२ प्रतिशतले ह्रास आएको छ । स्थानिय तहबाट जग्गा वर्गिकरणको काम नभएसम्मको लागि कित्ताकाट रोकिएको हुँदा नयाँ विक्रिबापतको रजिष्ट्रेशन कम भई अंश पास बापतको तथा महिलाको नाममा बढि रजिस्ट्रेशन हुने गरेको कारण रजिष्ट्रेसन संख्यामा वृद्धि भए पनि रजिष्ट्रेशनबाट संकलित राजस्वमा कमी आएको देखिन्छ ।

बैंक तथा वित्तीय संस्थाहरूले समीक्षा वर्षमा यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप ५.३५ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ६१ अर्ब ८१ करोड पुगेको छ भने यस प्रदेशमा प्रवाह गरेको कर्जा १६.७० प्रतिशतले वृद्धि भई रु.४ खर्ब ३० अर्ब ९ करोड पुगेको छ । अन्य प्रदेशको निक्षेप यस प्रदेशमा परिचालन भएको हुदाँ यस प्रदेशमा कुल निक्षेपको तुलनामा कुल कर्जा प्रवाह बढी रहेको देखिन्छ ।

**पूर्वाधार र रोजगारी**

आर्थिक वर्ष २०७८/०७९ को अन्त्यसम्ममा मधेश प्रदेशबाट श्रम स्वीकृति लिनेको संख्या १ लाख ६९ हजार ५ सय २१ रहेको छ जुन संख्या मुलुकभरबाट श्रम स्वीकृति लिने संख्याको २६.९० प्रतिशत हुन आउँछ । प्रदेशमा निर्माणाधिन र निर्माण हुने क्रममा रहेका राष्ट्रिय गौरवका आयोजनाहरूमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना, पूर्व-पश्चिम रेलमार्ग आयोजना, हुलाकी राजमार्ग, काठमाडौं तराई मधेश द्रुतमार्ग आयोजना र राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम रहेका छन् ।

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमी

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ बमोजिम नेपाल राष्ट्र बैंकले मुलुकको समष्टिगत आर्थिक, वित्तीय र वाह्य क्षेत्रसंग सम्बन्धित तथ्याङ्क तथा विवरण समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ । आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित) अनुसार यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने व्यवस्था रहेको छ । सोही बमोजिम प्रदेश कार्यालय जनकपुरले तयार गरेको प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०७८/७९ को साउनदेखि असारसम्मको वार्षिक विवरणमा आधारित रहेको छ ।

विगतमा तोकिएका जिल्लाहरूबाट तथ्याङ्क संकलन गरी अध्ययन प्रतिवेदन तर्जुमा गर्ने प्रचलन रहेकोमा मुलुकमा संघीयता कार्यान्वयनमा आएपछि प्रदेशगत रुपमा समेत आर्थिक गतिविधि अध्ययन गरी प्रतिवेदन तयार गर्नुका साथै प्रदेश स्तरमा पनि विवरण तथा तथ्याङ्क अद्यावधिक गर्नुपर्ने देखिन्छ । फलस्वरुपः आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित) तयार गरी मार्गदर्शनमा उल्लेख भए बमोजिम मुलुकका सबै जिल्लाहरूबाट तथ्याङ्क संकलन हुने गरी प्रदेश भित्रका जिल्लाहरूबाट नेपाल राष्ट्र बैंकका प्रदेश कार्यालयहरूले तथ्याङ्क सङ्कलन गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्ने व्यवस्था भएको छ। सो अनुसार मधेश प्रदेशका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी ८ जिल्लाहरूबाट स्थलगत र गैर-स्थलगत सर्वेक्षणको माध्यम प्रयोग गरी तथ्याङ्क सङ्कलन एवम् जानकारीका आधारमा यो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

यस प्रतिवेदनमा आर्थिक वर्ष २०७८/७९ को मधेश प्रदेशको समग्र आर्थिक स्थितिको साथसाथै कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगति समेत समावेश गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा मधेश प्रदेशको योगदान र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ। प्रतिवेदनमा कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा देखिएका सम्भावना र समस्या एवम् चुनौतीहरू संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ। साथै पर्यटन क्षेत्रमा सर्लाही जिल्लाको भरत ताल, पूर्वाधार क्षेत्रमा जयनगर-जनकपुर-कुर्था रेलवे, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, हुलाकी राजमार्ग र काठमाडौं-तराई मधेश द्रुतमार्गको प्रगति स्थिति, पुर्व पश्चिम रेलमार्ग, नवीकरणीय उर्जा उत्पादनमा ढल्केबरस्थित मिथिला सोलार प्लाण्ट, राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशको जनसंख्याको विवरण बारेमा समेत यस अध्ययन प्रतिवेदनमा समावेश गरिएको छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ तथा नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित) अनुसार यस प्रदेशको सबै जिल्लाहरूमा तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायहरूमा मूलतः स्थलगत सर्वेक्षण गरी प्राप्त तथ्याङ्कको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

प्रतिवेदनमा कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिंचाई विकास डिभिजन, सडक डिभिजन कार्यालयबाट संकलन गरिएको छ । त्यस्तै, मुख्य खाद्य बाली सम्बन्धी केही तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट नेपाल राष्ट्र बैंकमा प्राप्त विवरण आर्थिक अनुसन्धान विभाग मार्फत लिइएको छ । प्रदेशस्थित सरकारी निकायहरूबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिंचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन लगायतका तथ्याङ्कहरू स्थलगत रुपमा संकलन गरिएको छ ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगहरूको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमूना छनौटमा परेका ३० उद्योगहरूको स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ । बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क बैंक तथा वित्तीय संस्थाहरूले नेपाल राष्ट्र बैंकमा सुपरभाइजरी इन्फरमेसन सिस्टममार्फत उपलब्ध गराएको विवरण नेपाल राष्ट्र बैंकवाट लिइएको छ । साथै, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन संख्या र सो वापतको राजश्वको रकम भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भूमी व्यवस्थापन तथा अभिलेख विभागमार्फत लिइएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमूना छनौटमा परेका १३ वटा होटलहरूबाट स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ । घरजग्गा नक्शापास तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरूबाट, पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशको भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, सडक डिभिजन कार्यालय र नगरपालिकाबाट समेत लिइएको छ । यातायाततर्फ सवारी संख्या सम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न मधेश प्रदेशका १० वटा वचत तथा ऋण सहकारी संस्थाहरू समावेश गरी विवरण संकलन गरिएको छ ।

पूर्वाधार क्षेत्र अन्तरगत यस प्रदेशमा रहेका राष्ट्रिय गौरवका आयोजनासम्बन्धी विवरण लिँदा सम्बन्धित सरकारी कार्यालयहरूबाट प्रकाशित तथा अप्रकाशित तथ्याङ्कलाई आधार मानिएको छ ।

## १.३ अध्ययन प्रतिवेदनको सीमा

नेपालको संविधान, २०७२ बमोजिम संघीयता कार्यान्वयनमा आए पश्चात् तथ्याङ्क प्रदायक निकायहरूको पुनरसंरचना भएकोले ती निकायहरूसँग सम्बन्धित तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै

पूर्णता आइसकेको छैन । फलस्वरुपः कृषि उत्पादन र पूर्वाधार लगायतका कतिपय विवरणहरूमा समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन ।

यस प्रदेशमा सञ्चालित कतिपय उद्योगहरूका प्रशासनिक र केन्द्रीय कार्यालय अन्य प्रदेशहरूमा रहेकोले उत्पादन र रोजगारीका विवरणहरू अपेक्षित रुपमा उपलब्ध हुन सकेका छैनन् । प्रदेशमा स्थापित नयाँ उद्योगहरू तथा कतिपय भईरहेका उद्योगहरूले उपलब्ध गराउने तथ्याङ्क व्यवस्थित हुन नसकेकोले तथ्याङ्कको शुद्धतामा कमी हुने देखिएको छ ।

सेवा क्षेत्रमा खासगरी पर्यटकको विवरण उपलब्ध गराउने अध्यागमन तथा पर्यटन सूचना केन्द्र जस्ता आधिकारिक निकाय मधेश प्रदेशमा नभएकोले नमूना छनौटमा परेका होटलहरूबाट प्राप्त विवरणलाई समावेश गरिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित) अनुसार तयार गरिएको यस प्रतिवेदनलाई ७ परिच्छेदहरूमा प्रस्तुत गरिएको छ । यस प्रतिवेदनको परिच्छेद १ मा परिचय प्रस्तुत गर्दै यसको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा कृषि, उद्योग र सेवा क्षेत्रको राष्ट्रिय स्थिति प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार क्षेत्रको विवरण समावेश गरिएको छ भने परिच्छेद ७ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २

# मधेश प्रदेशको तुलनात्मक आर्थिक स्थिति

## २.१ कुल गार्हस्थ्य उत्पादन

नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभागले आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.४१ खर्ब ५ अर्ब ५४ करोड पुग्ने अनुमान गरेको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.५ प्रतिशत, १३.७ प्रतिशत र ६१.८ प्रतिशत रहने अनुमान छ।


### २.१.१ राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको क्षेत्रगत हिस्सा

केन्द्रीय तथ्याङ्क बिभागको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/७९ मा मधेश प्रदेशको आर्थिक वृद्धिदर ५.३ प्रतिशत रहने अनुमान छ। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.५ खर्ब ४४ अर्ब ८१ करोड पुगेको अनुमान छ। समीक्षा वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३४.५ प्रतिशत, ११.९ प्रतिशत र ५३.६ प्रतिशत रहने अनुमान गरिएको छ।

कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत) आर्थिक वर्ष २०७८/७९ मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान सबैभन्दा बढी मधेश प्रदेशमा ३४.५ प्रतिशत रहने अनुमान छ । त्यसैगरी, उद्योग क्षेत्रको सबैभन्दा बढी योगदान गण्डकी प्रदेशको १७.६ प्रतिशत र सेवा क्षेत्रको सबैभन्दा बढी योगदान बागमती प्रदेशको ७६.७ प्रतिशत रहेको छ।

प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान सबैभन्दा कम बागमती प्रदेशमा ११.९ प्रतिशत रहने अनुमान छ। त्यसैगरी, उद्योग क्षेत्रको योगदान सबैभन्दा कम कर्णाली प्रदेशको १०.९ प्रतिशत र सेवा क्षेत्रको सबैभन्दा कम योगदान प्रदेश नं. १ को ४९.१ प्रतिशत रहेको छ। मधेश प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३४.५ प्रतिशत, ११.९ प्रतिशत र ५३.६ प्रतिशत रहेको छ। यस सम्बन्धी विवरण चार्ट २.१ मा प्रस्तुत गरिएको छ।

**चार्ट २.१: प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशतमा)**





(स्रोत : केन्द्रीय तथ्याङ्क विभाग)

### २.१.२ राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान

आर्थिक वर्ष २०७८/७९ को अनुमानित कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) रु.४१ खर्ब ५ अर्ब ५४ करोड मध्ये बागमती प्रदेशको अंश सबैभन्दा बढी ३६.९ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ४.१ प्रतिशत तथा मधेश प्रदेश को हिस्सा १३.३ प्रतिशत रहेको अनुमान छ। यस सम्बन्धी विवरण चार्ट २.२ मा प्रस्तुत गरिएको छ।

**चार्ट २.२: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा)**





(स्रोत : केन्द्रीय तथ्याङ्क विभाग)

### २.१.३ प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर

गत आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा सबै प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर बढेको छ। प्रदेशगत रुपमा हेर्दा सबैभन्दा बढी कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर बागमती प्रदेशमा ७.३ प्रतिशत रहेको छ भने सबैभन्दा कम कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर मधेश प्रदेशमा ५.३ प्रतिशत रहेको छ। यस सम्बन्धी विवरण चार्ट २.३ मा देखाइएको छ।

**चार्ट २.३ आधारभूत मूल्यमा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशतमा)**




(

(स्रोत : केन्द्रीय तथ्याङ्क विभाग)

## २.२ प्रदेशगत वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति

२०७९ असार मसान्तसम्ममा कुल राष्ट्रिय निक्षेप परिचालनमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ६८.२९ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको अंश सबैभन्दा कम १.१७ प्रतिशत मात्र रहेको छ। मधेश प्रदेशको यस्तो योगदान ५.०९ प्रतिशत रहेको छ। कुल राष्ट्रिय कर्जा प्रवाहमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ५०.५४ प्रतिशत रहेको छ भने सबैभन्दा कम सुदुरपश्चिम प्रदेशको अंश २.८८ प्रतिशत रहेको छ। यस्तो कर्जा प्रवाहमा मधेश प्रदेशको अंश ८.२९ प्रतिशत रहेको छ।

२०७९ असार मसान्तसम्ममा नेपालमा कृषि क्षेत्रमा रु. ३१ खर्ब ५६ अर्ब कर्जा प्रवाह भएको छ। यस्तो कर्जा प्रवाहमा सबैभन्दा बढी बागमती प्रदेशको हिस्सा ३४.३५ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको १.५७ प्रतिशत रहेको छ। मधेश प्रदेशमा कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश १७.१० प्रतिशत रहेको छ। नेपालमा विपन्न वर्गमा प्रवाहित कर्जा मध्ये सबै भन्दा बढी बागमती प्रदेशको अंश ४८.०६ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको अंश १.४६ प्रतिशत रहेको छ। नेपालमा कुल विपन्न वर्गमा प्रवाहित कर्जामा मधेश प्रदेशको अंश ८.७४ प्रतिशत रहेको छ।

सहुलियतपूर्ण कर्जा तर्फ सबभन्दा बढी सुदुरपश्चिम प्रदेशमा ५४.३८ प्रतिशत प्रवाह भएको देखिन्छ भने कर्णाली प्रदेशमा सबभन्दा कम ०.८१ प्रतिशत प्रवाह भएको देखिन्छ। पुनरकर्जा तर्फ पनि सबभन्दा बढी सुदुरपश्चिम प्रदेशमा ४५.९२ प्रतिशत प्रवाह भएको देखिन्छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम १.१२ प्रतिशत मात्र प्रवाह भएको देखिन्छ।

नेपालमा बैंक तथा वित्तीय संस्थाको कुल शाखा संख्या ११ हजार ५ सय २८ वटा रहेको छ। सोमध्ये सबै भन्दा बढी बागमती प्रदेशमा ३ हजार ३ वटा रहेको छ भने सबै भन्दा कम कर्णाली प्रदेशमा केवल ४ सय ५५ वटा शाखाहरू रहेको छ। समीक्षा अवधिको असार मसान्तसम्ममा मधेश प्रदेशमा सञ्चालित बैंक वित्तीय संस्थाहरूको शाखा संख्या १ हजार ७ सय ४५ वटा रहेको छ। त्यसैगरी शाखा रहित बैकिङ्ग सेवा सबै भन्दा बढी प्रदेश १ मा ५ सय ७६ स्थानमा र सबैभन्दा कम कर्णाली प्रदेशमा ४२ स्थानमा संचलन भईरहेको छ भने मधेश प्रदेशमा यस्तो सेवा २ सय १ स्थानमा सञ्चालनमा रहेको छ।

यसैगरी मोबाईल बैंकिङ्ग प्रयोगकर्ता सबैभन्दा बढी बागमती प्रदेशमा ५२ लाख ६६ हजार ७ सय २२ वटा रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा ३ लाख ९१ हजार ७ सय ५९ रहेको छ। इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता सबैभन्दा बढी बागमती प्रदेशमा ६ लाख ६७ हजार ६ सय ५२ र सबैभन्दा कम कर्णाली प्रदेशमा ७ हजार ८ सय ७५ रहेका छन्। मधेश प्रदेशमा मोबाईल बैंकिङ्ग प्रयोगकर्ता १३ लाख ९ हजार ८ सय ३९ र इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता ८० हजार ४ सय ४६ रहेका छन्। त्यसैगरी ए.टि.एम. मेशिनको संख्या सबैभन्दा बढी बागमती प्रदेशमा २ हजार १ सय ४७ र सबैभन्दा कम कर्णाली प्रदेशमा ८८ रहेको छ भने मधेश प्रदेशमा यस्तो संख्या ४ सय २ वटा रहेको छ। यस सम्बन्धी विवरण तालिका २.१ मा प्रस्तुत गरिएको छ।

### तालिका २.१ : वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति

| विवरण | प्रदेश नं. १ | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| कुल निक्षेपमा अंश (%) | ७.१३ | ५.०९ | ६८.२९ | ७.७५ | ८.३१ | १.१७ | २.२५ |
| कुल कर्जामा अंश (%) | १०.४९ | ८.२९ | ५०.५४ | ६.८२ | १०.३९ | १०.५९ | २.८८ |
| कृषि कर्जाको अंश (%) | १७.२८ | १७.१० | ३४.३५ | ८.९४ | १५.९४ | १.५७ | ४.८२ |
| विपन्न क्षेत्र कर्जा (%) | १४.११ | ८.७४ | ४८.०६ | ११.३१ | १२.७१ | १.४६ | ३.६२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सहुलियतपूर्ण कर्जाको अंश (%) | ३.४० | ५.८३ | १८.९९ | ७.८७ | ८.७२ | ०.८१ | ५४.३८ |
| पुनरकर्जाको अंश (%) | १६.६६ | ३.५१ | १९.०० | ५.३१ | ८.४९ | १.१२ | ४५.९२ |
| शाखा संख्या (क,ख,ग र घ वर्ग) | १,८५७ | १,७४५ | ३,००३ | १,४१६ | २,२१२ | ४५५ | ८४० |
| शाखा रहित बैकिङ्ग सेवा | ३६७ | २०१ | ३०४ | १६१ | २५५ | ४२ | १९६ |
| मोबाईल बैंकिङ्ग प्रयोगकर्ता | १८,६२,४९८ | १३,०९,८३९ | ५२,६६,७२२ | १५,५७,६१२ | २१,७७,३१८ | ३,९१,७५९ | ८,६६,३८४ |
| इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता (%) | ९९,८५६ | ८०,४४६ | ६,६७,६५२ | १,२६,३७६ | १,४१,२६७ | ७,८७५ | २६,७५० |
| ए.टि.एम. मेशिन | ५७६ | ४०२ | २,१४७ | ५५७ | ६१३ | ८८ | २१९ |

(स्रोत: नेपाल राष्ट्र बैंक)

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती :

### २.३.१ प्रादेशिक क्षमता, सम्भावना

केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक बर्ष २०७८/७९ मा यस प्रदेशको कुल प्रादेशिक गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको सबैभन्दा बढी ५३.६ प्रतिशत योगदान रहेकोछ भने उद्योग क्षेत्रको सबैभन्दा कम योगदान ११.९ प्रतिशत रहेको छ । भौगोलिक हिसावले समतल भू-भागमा अवस्थित रहेको मधेश प्रदेश आर्थिक क्रियाकलापका दृष्टिले समृद्ध प्रदेशको रुपमा विकसित हुन सक्ने सम्भावित प्रदेशको रुपमा रहेको छ । समष्टिगत रुपमा मधेश प्रदेशको आर्थिक विकासका सम्भावनाहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।

- कृषियोग्य भूमिको प्रचुरता, यातायात तथा औद्योगिक पूर्वाधार निर्माण गर्न तुलनात्मक सहजता, श्रमको उपलब्धता र वैदेशिक व्यापारको लागि प्रमुख नाका समेत भएको कारणले मधेश प्रदेशमा कृषिका साथै औद्योगिक क्षेत्रको विकासको पनि उत्तिकै सम्भावना रहेको छ ।
- यो प्रदेश भारतीय सीमासँग जोडिएकाले उत्पादनशील उद्योग तथा कलकारखानाहरू स्थापना गरी उत्पादित वस्तु भारततर्फ निकासी गर्न समेत तुलनात्मक रुपले निकै सहज रहेको छ ।
- मधेश प्रदेशमा विभिन्न धार्मिक मठ मन्दिरहरू रहेका कारण धेरै संख्यामा स्वदेशी तथा भारतीय पर्यटकहरूको आवागमन हुने गर्दछ । प्रसिद्ध जानकी मन्दिर र गढीमाई मन्दिर यही प्रदेशमा रहेकाले धार्मिक तथा सांस्कृतिक पर्यटनको पनि राम्रो सम्भावना रहेको छ ।
- पोखरा पछि धेरै ताल तथा पोखरीहरू रहेको जनकपुरधाम जस्ता शहर मधेश प्रदेशमा रहेकाले यहाँस्थित पोखरीहरूको सरसफाई तथा सडक पूर्वाधार सुधार र गुणस्तरीय होटल तथा रेष्टुरेन्टको स्थापना गरी जल मनोरञ्जन जस्ता क्रियाकलापमा वृद्धि गर्न सके यहाँ आन्तरिक तथा बाह्य पर्यटकको प्रवर्द्धन गरी राजस्व संकलनमा समेत वृद्धि गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

- सर्लाही जिल्लाको बागमती नगरपालिकामा भरत ताल ठूला जलाशय नभएको भारतीय राज्य बिहार नजिकै रहेकाले यहाँ भारतीय नागरिकहरू समेत आकर्षण गरी पर्यटन विकास तथा आर्थिक गतिविधि बढाउनुका साथै भारतीय मुद्रा आर्जनको राम्रो स्रोत बन्न सक्ने सम्भावना रहेको छ, ।
- नेपालमा रहेको एकमात्र जनकपुर जयनगर रेलवेको सञ्चालनले भारतिय पर्यटकलाई नेपाल प्रवेश गराउने मुख्य नाकाको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ । जनकपुरधामलाई नेपालमा अन्य प्रमुख स्थलसँग जोडेर धार्मिक सर्किट बनाई धार्मिक पर्यटकहरुलाई भित्राउन सकिने सम्भावना रहेको देखिन्छ ।
- यो प्रदेशमा मुलुकको कुल जनसंख्याको करिब २०.९९ प्रतिशत जनसङ्ख्या वसोवास गर्ने भएकोले औद्योगिक उत्पादन र खपतका लागि ठूलो अवसर हुनका साथै श्रमशक्ति तथा श्रमबजारको समेत लाभ रहेको छ ।
- मुलुककै ठूलो जलाशय रहेको सप्तकोशी नदी प्रदेशको सीमा हुँदै बगेकोले नदीमा जल मनोरञ्जन गर्ने पर्यटकको लागि उपयुक्त रहेकोले त्यहाँबाट पनि पर्यटन प्रवर्द्धनको सम्भावना रहेको छ ।
- प्रदेशको नजिकै रहेको सिन्धुलीगढीमा युद्ध संग्रहालयको स्थापना भएकोले सो अवलोकन गर्ने पर्यटकलाई आकर्षित गर्न सकिने सम्भावना छ । पर्यटनको प्रवर्द्धन र विकासका लागि स्तरीय होटल तथा लज सञ्चालन हुन सकेमा रोजगारी सिर्जना हुनका साथै पर्यटकीय गतिविधि विकास गर्न सक्ने सम्भावना देखिन्छ ।

### २.३.२ प्रादेशिक चुनौती

- शहरी क्षेत्रका सडकमा जतातत‌ै थुप्रने फोहोर र निर्माण सम्पन्न हुन नसकेका सडकबाट उत्सर्जन हुने धुलोको कारण देखिएको वातावरणीय प्रदुषणलाई नियन्त्रण गर्दै प्रदेशलाई सुन्दर र आकर्षक प्रदेशको रुपमा विकास गर्नु ।
- शैक्षिक गुणस्तरमा सुधार गरी मधेश प्रदेशमा अवस्थित जनकपुर र वीरगंज जस्ता ठूला शहरलाई शैक्षिक हवको रुपमा विकास गर्न ।
- माछापालनको लागि प्रसिद्ध रहेको जनकपुर तथा परवानीपुर जस्ता मत्स्य विकास केन्द्रहरू तथा मधेश प्रदेशको अन्य स्थानहरूको माछा उत्पादन क्षमता अभिवृद्धि गरी आर्थिक क्रियाकलापमा अभिवृद्धि गर्नु ।
- भौगोलिक दृष्टिले सुगम रहेको मधेश प्रदेशमा ओद्योगिक विकास गरी मुलुकको कुल गार्हस्थ्य उत्पादनको औद्योगिक क्षेत्रमा यस प्रदेशको योगदान वृद्धि गर्नु ।
- परम्परागत रुपमा हुँदै आएको निर्वाहमुखी कृषिलाई आधुनिकीकरण तथा व्यवसायीकरण गर्नु र उत्पादनमूलक उद्योग धन्दा तथा कलकारखाना स्थापना गरी उत्पादन बढाउनुका साथै रोजगारी सिर्जना गर्नु ।

- भौगोलिक तथा धार्मिक सम्पदा, जैविक विविधता आदिको उचित संरक्षण र प्रवर्द्धन गरी पर्यटकीय गन्तव्य क्षेत्रको रुपमा विकास गर्नु ।
- कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउन मलखादको सर्वसुलभ आपूर्ति, उत्पादित अन्नको उचित मूल्य प्राप्ति तथा व्यवस्थापन मिलाउनुको साथै बजारको प्रबन्ध गरी कृषिजन्य क्रियाकलापमा युवाहरूलाई आकर्षित गर्नु ।
- वैदेशिक रोजगारीको लागि विदेशमा रहेका युवाहरूले पठाएको विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्नु ।
- पर्सा जन्य जन्तु आरक्ष, नजिकै रहेको कोशी टप्पु वन्य जन्तु आरक्ष, सिन्धुलीको युद्ध संग्रहालय, भरत ताल, प्रदेशमा रहेका धार्मिक तथा साँस्कृतिक क्षेत्रको फाईदा लिँदै प्रचुर सम्भावना बोकेको यहाँको पर्यटन क्षेत्रको विकास गर्नु ।
- वर्षेनी श्रम बजारमा प्रवेश गर्ने यहाँका जनशक्तिलाई उचित रोजगारीको अवसर उपलब्ध गराउनुका साथै उत्पादनमुलक काममा लगाउनु र
- श्रम बजारमा व्याप्त श्रमको अल्प उपयोगलाई सकेसम्म बढी उपयोग हुने वातावरण तयार गर्नुका साथै पूर्वाधार विकास निर्माणका कार्यलाई तीव्रता दिनु, मुलुकको सबै क्षेत्रमा पुग्न सहज यातायात सञ्जालको लाभ लिँदै आर्थिक क्रियाकलापमा वृद्धि गरी प्रदेशलाई आर्थिक रुपले समृद्ध बनाउनु ।

## परिच्छेद ३
# कृषि क्षेत्र


## ३.१ प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्ममा यस प्रदेशमा प्रमुख कृषि उपज (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्रफलमा ०.३० प्रतिशतले ह्रास आई ११ लाख ६३ हजार २९ हेक्टर पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा उक्त भू-क्षेत्रफलमा ०.३९ प्रतिशतले वृद्धि भई ११ लाख ६६ हजार ४ सय ९२ हेक्टर पुगेको थियो

### ३.१.१ खाद्य तथा अन्य बाली

समीक्षा वर्षमा आलु र दलहनले ढाकेको क्षेत्रफलमा क्रमश: ३.७० प्रतिशत र १.०५ प्रतिशतले वृद्धि भएको छ भने धान, उखु, तेलहन र गहुँले ढाकेको क्षेत्रफलमा क्रमश: ३.५७ प्रतिशत, २.८८ प्रतिशत, २.४४ प्रतिशत र ०.४५ प्रतिशतले ह्रास आएको छ । समग्र खाद्य तथा अन्य बालीले ढाकेको भू-भागमा ०.४३ प्रतिशतले ह्रास आएको छ भने गत आर्थिक वर्षमा उक्त भू-क्षेत्रफलमा ०.१२ प्रतिशतले वृद्धि भएको थियो । यस सम्बन्धी तथ्याङ्कलाई चार्ट ३.१ मा प्रस्तुत गरिएको छ ।

**चार्ट ३.१ : खाद्य तथा अन्य बालीहरूले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)**




(स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू)

### ३.१.२ तरकारी तथा बागवानी

समीक्षा वर्षमा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रमा ३.२४ प्रतिशतले वृद्धि भई ८४ हजार ५ सय ७ हेक्टर पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रमा १.६९ प्रतिशतले वृद्धि भई ८१ हजार ८ सय ५६ हेक्टर पुगेको थियो । तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रको वृद्धि हुँदै जानुमा कोभिड-१९ महामारीको प्रभावमा कमी आई उत्पादित तरकारीले समयमै बजार पाउनुका साथै समग्र खेतीपाती वृद्धि हुनु हो । तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रफलमा महोत्तरी जिल्लामा सबैभन्दा बढी १७ हजार ८ सय हेक्टर अर्थात् कुल मधेश प्रदेशको २१.०६ प्रतिशत र पर्सा

जिल्लामा सबभन्दा कम ३ हजार ७ सय ९० हेक्टर अर्थात् कुल मधेश प्रदेशको ४.४८ प्रतिशत रहेको छ। यस सम्बन्धी विवरण तालिका ३.१ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.१ : तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्र (हेक्टरमा)**

| क्र.सं. | जिल्ला | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ | (हिस्सा प्रतिशत) आ.व.२०७८/०७९ |
|---|---|---|---|---|
| १ | सप्तरी | १०,३८५ | १०,३८५ | १२.२९ |
| २ | सिराहा | ७,५६५ | ८,६३५ | १०.२२ |
| ३ | धनुषा | ८,२०० | ८,६२० | १०.२० |
| ४ | महोत्तरी | १७,५०० | १७,८०० | २१.०६ |
| ५ | सर्लाही | १२,२४१ | १३,०८२ | १५.४८ |
| ६ | रौतहट | १०,४०० | १०,४०० | १२.३१ |
| ७ | बारा | ११,७७५ | ११,७९५ | १३.९६ |
| ८ | पर्सा | ३,७९० | ३,७९० | ४.४८ |
|  | जम्मा | ८१,८५६ | ८४,५०७ | १००.०० |

(स्रोत: सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्र)

### ३.१.३ फलफूल तथा मसला

यस आर्थिक वर्षमा फलफूलले ढाकेको भू-क्षेत्रफलमा २.३८ प्रतिशतले वृद्धि भई ६५ हजार ६ सय ९८ हेक्टर पुगेको छ भने मसलाले ढाकेको भू-क्षेत्रफलमा ०.३८ प्रतिशतले वृद्धि भई ७ हजार ५ सय २८ हेक्टर पुगेको छ। फलफूलले ढाकेको क्षेत्रफल मध्ये आँपले ढाकेको क्षेत्रफलमा २.३७ प्रतिशतले र केराले ढाकेको क्षेत्रफलमा १.८१ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी मसलाले ढाकेको क्षेत्रफलमध्ये लसुनले ढाकेको क्षेत्रफलमा ८.९४ प्रतिशतले वृद्धि भएको छ भने प्याज, अदुवा र बेसारले ढाकेको क्षेत्रफलमा क्रमश: ०.०४ प्रतिशत, १.१२ प्रतिशत र ०.२० प्रतिशतले ह्रास आएको छ।

गत आर्थिक वर्षमा फलफूलले ढाकेको भू-क्षेत्रफलमा ३.०१ प्रतिशतले वृद्धि भएको थियो भने मसलाले ढाकेको भू-क्षेत्रफलमा ०.६४ प्रतिशतले ह्रास आएको थियो। फलफूलले ढाकेको क्षेत्रफल मध्ये आँपले ढाकेको क्षेत्रफलमा २.९२ प्रतिशतले र केराले ढाकेको क्षेत्रफलमा ३.२५ प्रतिशतले वृद्धि भएको थियो। त्यसैगरी मसलाले ढाकेको क्षेत्रफलमध्ये अदुवाले ढाकेको क्षेत्रफलमा ०.५६ प्रतिशतले वृद्धि भएको थियो भने लसुन, प्याज र बेसारले ढाकेको क्षेत्रफलमा क्रमश: ०.८४ प्रतिशत, ०.३७ प्रतिशत र ४.१४ प्रतिशतले ह्रास आएको थियो।

## ३.२ कृषि उत्पादन

यस आर्थिक वर्षमा प्रदेशको समग्र कृषि बालीहरू (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसला) को कुल उत्पादनमा ०.५३ प्रतिशतले ह्रास आई ६३ लाख ८२ हजार ६ सय १२ मे.टन कायम भएको छ । खाद्य बाली अन्तर्गत कुल खेती गरिएको क्षेत्रफलमा सामान्य वृद्धि भए तापनि सिँचाई सुविधामा उल्लेखनीय वृद्धि नहुनु, मलखाद र बीउ बिजनको सहज उपलब्धता नहुनु र बेमौसमी वर्षात् तथा बाढीको कारण खाद्य तथा बालीहरूको उत्पादनमा ह्रास आएको हो । समग्र कृषि बालीहरूको उत्पादनमा ह्रास आउनुमा पर्सा जिल्लामा अवस्थित श्रीराम सुगर मिल्स बन्द हुन गएकोले त्यस क्षेत्रमा उल्लेखनिय रुपमा उखु खेती गर्ने किसानहरू घटेकोले उत्पादन घट्नु तथा उखु किसानहरूले समयमै उखुको मुल्य नपाएकोले थप बाली लगाउन प्रोत्साहित नहुँदा समग्रमा उखुको उत्पादन घट्नु आदि प्रमुख कारणहरू रहेको देखिन्छ । गत आर्थिक वर्षमा यस्तो बालीको कुल उत्पादनमा ३.३१ प्रतिशतले वृद्धि भएको थियो ।

### ३.२.१ खाद्य तथा अन्य बाली

यस आर्थिक वर्षमा सुर्ती, कोदो, आलु, गहुं, मकै र सनपाटको उत्पादनमा क्रमशः ३.७० प्रतिशत, २.७४ प्रतिशत, ०.६२ प्रतिशत, ०.५१ प्रतिशत, ०.५० प्रतिशत र ०.२० प्रतिशतले वृद्धि भएको छ भने धान, जौं, उखु, तेलहन र दलहनको उत्पादनमा क्रमशः ३.२४ प्रतिशत, १.८२ प्रतिशत, १.३४ प्रतिशत, ०.७२ प्रतिशत र ०.७१ प्रतिशतले ह्रास आएको छ । धान बाली पाकेर भित्र्याउने समयमा परेको झरीले पाकेको धानबाली नाश भएको कारणले धान बालीको उत्पादनमा ह्रास आएको हो भने विगत वर्षदेखि श्रीराम सुगर मिल बन्द हुनगई पर्सा जिल्लामा किसानले उखु खेती नगरेकोले समग्र उखुको उत्पादनमा ह्रास आएको हो ।

गत आर्थिक वर्षमा गहुँ र जौं वाहेक अन्य सबैको उत्पादनमा वृद्धि भएको थियो । गहुँ र जौंको उत्पादनमा भने क्रमशः ५.४३ प्रतिशत र ०.०४ प्रतिशतले ह्रास आएको थियो । मधेश प्रदेशको यस आर्थिक वर्षको खाद्य तथा अन्य बालीको उत्पादनसम्बन्धी विवरण तालिका ३.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.२ : मधेश प्रदेशका विभिन्न जिल्लामा कृषि बालीको उत्पादन (मे.टनमा)**

| क्र.सं. | जिल्ला | आ.व. २०७८/०७९ | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | खाद्य तथा अन्य बाली | हिस्सा % | तरकारी तथा बागबानी | हिस्सा % | फलफूल तथा मसला | हिस्सा % |
| १ | सप्तरी | ३३५५६९.०० | ७.१५ | १२४६२०.०० | १०.७७ | ९५३९७.०० | १८.०२ |
| २ | सिराहा | ४५३०५१.०० | ९.६५ | ९८६४२.०० | ८.५२ | १३६९६९.०० | २५.८८ |
| ३ | धनुषा | ४९३८५३.२५ | १०.५२ | ९४४००.०० | ८.१६ | २४३०३.०० | ४.५९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | महोत्तरी | ५०२००३.०० | १०.६९ | ३११५००.०० | २६.९१ | ४३३९५.०० | ८.२० |
| ५ | सर्लाही | १०९९७३८.०० | २३.४२ | १७२३२४.०० | १४.८९ | ३०१७६.०० | ५.७० |
| ६ | रौतहट | ७०४८८६.३३ | १५.०१ | १०९९००.०० | ९.४९ | ९५८००.०० | १८.१० |
| ७ | बारा | ६२६३४७.०० | १३.३४ | १७३६३७.५० | १५.०० | ९५७७०.५० | १८.०९ |
| ८ | पर्सा | ४८०३५५.१० | १०.२३ | ७२४५०.०० | ६.२६ | ७५२५.०० | १.४२ |
| | **जम्मा** | ४६९५८०२.६८ | १००.०० | **११५७४७३.५०** | १००.०० | **५२९३३५.५०** | १००.०० |

(स्रोतः सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र )

### ३.२.२ तरकारी तथा बागवानी

यस प्रदेशमा समीक्षा वर्षमा तरकारी तथा बागवानीको उत्पादन २.५५ प्रतिशतले वृद्धि भई ११ लाख ५७ हजार ४ सय ७४ मे. टन पुगेको छ । गत वर्षको सोही अवधिमा तरकारी तथा बागवानीको उत्पादन ८ प्रतिशतले वृद्धि भएको थियो । उत्पादित तरकारी मध्ये सबैभन्दा बढी महोत्तरी जिल्लामा ३ लाख ११ हजार ५ सय मे. टन अर्थात् कुल मधेश प्रदेशमा उत्पादित तरकारीको २६.९१ प्रतिशत उत्पादन भएको छ भने पर्सा जिल्लामा सबैभन्दा कम ७२ हजार ४ सय ५० मे.टन अर्थात् कुल मधेश प्रदेशमा उत्पादित तरकारीको ६.२६ प्रतिशत उत्पादन भएको छ । यस सम्बन्धी विवरण तालिका नं. ३.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.३ : मधेश प्रदेशमा तरकारी तथा बागवानी उत्पादन (मे.टनमा)**

| क.सं. | जिल्ला | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७८/७९ हिस्सा (प्रतिशत) |
|---|---|---|---|---|
| १ | सप्तरी | १,२४,६२० | १,२४,६२० | १०.७७ |
| २ | सिराहा | ८७,६७८ | ९८,६४२ | ८.५२ |
| ३ | धनुषा | ९४,३०० | ९४,४०० | ८.१६ |
| ४ | महोत्तरी | २,९७,५०० | ३,११,५०० | २६.९१ |
| ५ | सर्लाही | १,७२,३२४ | १,७२,३२४ | १४.८९ |
| ६ | रौतहट | १,०९,९१० | १,०९,९०० | ९.४९ |
| ७ | बारा | १,७१,६१२.५ | १,७३,६३८ | १५.०० |
| ८ | पर्सा | ७०,८०० | ७२,४५० | ६.२६ |
| | जम्मा | ११२८७४५ | ११५७४७४ | १००.०० |

(स्रोत : सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र )

### ३.२.३ फलफूल तथा मसला

समीक्षा वर्षमा फलफूल र मसलाको उत्पादनमा क्रमशः ०.९७ प्रतिशत र ०.४१ प्रतिशतले वृद्धि भएको छ भने गत आर्थिक वर्षको सोही अवधिमा फलफुलको उत्पादनमा १७.६२ प्रतिशतले वृद्धि भएको थियो र मसलाको उत्पादनमा १.८५ प्रतिशतले ह्रास आएको थियो । समीक्षा वर्षमा फलफूलको उत्पादन मध्ये केरा र आँपको उत्पादन क्रमशः १.७५प्रतिशत र ०.७८ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी मसलाको उत्पादन मध्ये

लसुन, प्याज, बेसार र अन्य मसलाको उत्पादनमा क्रमशः १.९४ प्रतिशत, ०.०१ प्रतिशत, १.१९ प्रतिशत र २.४७ प्रतिशतले वृद्धि भएको छ भने अदुवाको उत्पादनमा १.५० प्रतिशतले ह्रास आएको छ । समीक्षा वर्षमा आँप, केरा तथा अन्य फलफूलको उत्पादनमा वृद्धि हुनुमा विगत केही वर्ष अघिदेखि फलफूल खेती तर्फ किसानहरूको आकर्षण बढ्दै गएकोले खेती गरिएको जग्गाको क्षेत्रफलमा वृद्धि हुनु हो ।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

### ३.३.१ पशुपन्छीजन्य उत्पादन

समीक्षा वर्षमा दुधको उत्पादनमा ६.०३ प्रतिशतले ह्रास आएको छ भने मासुको उत्पादनमा ६.४९ प्रतिशत, अण्डाको उत्पादन २.३३ प्रतिशत र छालाको उत्पादनमा ४.८५ प्रतिशत वृद्धि भएको छ । गत बर्षको यसै अवधिमा छालाको उत्पादनमा ५.७८ प्रतिशत, दुधको उत्पादनमा २.६० प्रतिशत, मासुको उत्पादन ५.०९ प्रतिशत र अण्डाको उत्पादन २.०८ प्रतिशत वृद्धि भएको थियो ।

समीक्षा वर्षमा कुल दुध उत्पादन मध्ये सिराहा जिल्लाको हिस्सा सबैभन्दा बढी २१ प्रतिशत रहेको छ भने रौतहट जिल्लाको हिस्सा सबैभन्दा कम ३.४८ प्रतिशत रहेको छ । त्यसैगरी, समीक्षा अवधिमा कुल मासु उत्पादन मध्ये पर्सा जिल्लाको हिस्सा सबैभन्दा बढी २८.१९ प्रतिशत रहेको छ भने धनुषा जिल्लाको हिस्सा सबैभन्दा कम ३.३८ प्रतिशत रहेको छ र कुल अण्डा उत्पादन मध्ये सप्तरी जिल्लाको हिस्सा सबैभन्दा बढी ३३.८७ प्रतिशत रहेको छ भने धनुषा जिल्लाको हिस्सा सबैभन्दा कम २.४७ प्रतिशत रहेको छ । पशुपन्छीजन्य उत्पादनसम्बन्धी विवरण तालिका ३.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.४ : मधेश प्रदेशको पशुपंक्षीजन्य उत्पादन**

| जिल्ला | दुध (लि.हजारमा) | | मासु (मे.टनमा) | | अण्डा (गोटा हजारमा) | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७७/७८ | आ.व. ०७८/७९ | आ.व. ०७७/७८ | आ.व. ०७८/७९ | आ.व. ०७७/७८ | आ.व. ०७८/७९ |
| सप्तरी | ४९,१९० | ४९,७९० | ११,१८० | ११,२५१ | ३४,५५४ | ३४,५८५ |
| सिराहा | १२२,४७० | १२६,१४१ | १२,८४० | १३,३५४ | ८,०८० | ८,४८४ |
| धनुषा | ३९,४७८ | ४०,१०५ | ४,६४१ | ४,६५१ | २,५१६ | २,५१९ |
| महोत्तरी | ८१,५६७ | ८१,७८९ | १८,०२९ | १८,७९६ | ८,२९८ | ८,८६७ |
| सर्लाही | ८१,५६७ | ८३,३०६ | १८,०२९ | २१,६७९ | ८,३०१ | ८,४७८ |
| रौतहट | ७३,२१५ | २०,९१० | १५,३९१ | १५,८७६ | ४,५१७ | ४,६६८ |
| बारा | ७३,६९२ | ७७,१९२ | १२,७११ | १३,२२४ | १८,६१२ | १९,३१३ |
| पर्सा | ११७,९२७ | १२१,३६२ | ३६,४२२ | ३८,८०५ | १४,९०७ | १५,१९८ |
| जम्मा | ६३९,१०६ | ६००,५९५ | १२९,२४३ | १३७,६३६ | ९९,७८५ | १०२,११२ |

(स्रोत : सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र )

### ३.३.२ माछा उत्पादन

समीक्षा वर्षमा माछाको उत्पादन ६.४२ प्रतिशतले वृद्धि भई ४० हजार ५ सय ४६ मे. टन पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ५.०२ प्रतिशतले वृद्धि भई ३८ हजार ६ सय ४६ मे.टन भएको थियो । समीक्षा वर्षमा सबैभन्दा बढी माछा उत्पादन वृद्धि दर सिराहा जिल्लामा कुल उत्पादनको २२.२३ प्रतिशत तथा सबैभन्दा कम पर्सा जिल्लामा कुल उत्पादनको १.१३ प्रतिशत रहेको छ । माछा उत्पादन सम्बन्धी विवरण तालिका नं. ३.५ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.५ : मधेश प्रदेशको माछा उत्पादन स्थिति (मे.टनमा)**

| जिल्ला | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ |
|---|---|---|
| सप्तरी | ३,२०० | ३,३०० |
| सिराहा | २,६९५ | ३,२९४ |
| धनुषा | ६,१८५ | ६,२५५ |
| महोत्तरी | ५,२९८ | ५,४८४ |
| सर्लाही | ५,२९८ | ५,९२१ |
| रौतहट | ४,७५० | ४,८३४ |
| बारा | ७,९१९ | ८,००० |
| पर्सा | ३,३०१ | ३,४५८ |
| जम्मा | **३८,६४६** | **४०,५४६** |

(स्रोत : सम्बन्धित जिल्लाका भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र )


### ३.३.३ वनजन्य उत्पादन

समीक्षा वर्षमा दाउरा उत्पादनमा ६२.४२ प्रतिशतले र काठको उत्पादनमा १९.७८ प्रतिशतले वृद्धि भएको छ। समीक्षा वर्षमा काठको उत्पादनमा वृद्धि हुनुमा पूर्व पश्चिम राजमार्ग विस्तारको क्रममा सडक किनारमा काटिएका विभिन्न जातका रुखका काठ बजारमा बिक्री वितरण गरिएको कारण हो।

## ३.४ सिँचाई तथा मौसम

समीक्षा वर्षमा यस प्रदेशको कुल सिंचित क्षेत्रफल १.३७ प्रतिशतले वृद्धि भई २,३४,४१३.३९ हेक्टर पुगेको छ। गत बर्षको सोही अवधिमा यस्तो सिंचित क्षेत्रफल १.१६ प्रतिशतले वृद्धि भएको थियो। यस अवधिमा कुलोद्वारा सिंचित क्षेत्रफलमा २.७१ प्रतिशत, नहरद्वारा सिंचित क्षेत्रफलमा ०.९५ प्रतिशत र पोखरीद्वारा सिंचित क्षेत्रफलमा १०.७७ प्रतिशत वृद्धि भएको छ। गत बर्षको सोही अवधिमा नहर र वोरिङ्गद्वारा सिंचित क्षेत्रफलमा क्रमशः ०.५५ र ०.६६ प्रतिशतले वृद्धि भएको थियो भने पोखरीद्वारा सिंचित क्षेत्रफलमा ६.११ प्रतिशतले कमी आएको थियो। सिञ्चित भूमिको क्षेत्रफल सम्बन्धी विवरण चार्ट ३.२ मा प्रस्तुत गरिएको छ।

चार्ट ३.२ : सिचाई क्षेत्रमा भएको विस्तार (हेक्टरमा)




(स्रोत: जिल्ला स्थित जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय)

### ३.५. क्षेत्रगत कृषि कर्जा

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशको कृषि क्षेत्रमा प्रवाह भएको कर्जा रु.५३ अर्ब ९५ करोड पुगेको छ । यस प्रदेशमा प्रवाह भएको कुल कर्जा मध्ये कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश १२.५५ प्रतिशत रहेको छ । मधेश प्रदेशमा प्रवाहित कुल कृषि कर्जा मध्ये सबै भन्दा बढी कर्जा प्रवाह सर्लाही जिल्लामा १६.४७ प्रतिशत रहेको छ भने सबै भन्दा कम सप्तरी जिल्लामा ७.०३ प्रतिशत रहेको छ । यस सम्बन्धी विवरण तालिका नं. ३.५ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.६ : मधेश प्रदेशमा प्रवाहित कृषि कर्जा (रु.करोडमा)

| क्र.सं. | जिल्ला | कृषि कर्जा (रु करोडमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| १ | सप्तरी | ३७९.२९ | ७.०३ |
| २ | सिराहा | ७५७.८८ | १४.०५ |
| ३ | धनुषा | ७१३.१० | १३.२२ |
| ४ | महोत्तरी | ५२२.५६ | ९.६९ |
| ५ | सर्लाही | ८८८.४७ | १६.४७ |
| ६ | रौतहट | ५८१.७६ | १०.७८ |
| ७ | बारा | ६७४.१४ | १२.४९ |
| ८ | पर्सा | ८७८.३१ | १६.२८ |
| | **जम्मा** | **५३९५.५१** | १००.०० |

(स्रोत: नेपाल राष्ट्र बैंक)

### ३.६ सहुलियतपूर्ण कर्जा

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा प्रवाह भएको सहुलियतपूर्ण कर्जा रु.२२ अर्ब ३० करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा रु.१४ अर्ब ५ करोड रहेको थियो। समीक्षा वर्षमा सहुलियतपूर्ण कर्जा प्रवाहमा ठूलो वृद्धि आउनुमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम बैंक तथा वित्तीय

संस्थाले सो कर्जा प्रवाह गर्दा धितोमा आधारित भई अन्य कर्जा सरह सहुलियतपूर्ण कर्जा प्रवाह गर्नु प्रमुख कारण देखिन्छ । प्रवाहित कुल कर्जा मध्ये सबैभन्दा बढी रु.४ अर्ब ४८ करोड अर्थात् २०.१३ प्रतिशत सर्लाही जिल्लामा र सबैभन्दा कम रु.१ अर्ब ८ करोड अर्थात् ४.८७ प्रतिशत सप्तरी जिल्लामा रहेको छ । मधेश प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जा सम्बन्धी विवरण तालिका नं. ३.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.७ : मधेश प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जा (रु.करोडमा)**

| क.सं. | जिल्ला | सहुलियतपूर्ण कर्जा ( रु.करोडमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| १ | पर्सा | २८२.८९ | १२.६९ |
| २ | बारा | ३३०.६३ | १४.८३ |
| ३ | रौतहट | १८७.४१ | ८.४० |
| ४ | सर्लाही | ४४८.९० | २०.१३ |
| ५ | महोत्तरी | १८५.५९ | ८.३२ |
| ६ | धनुषा | ३५१.०१ | १५.७४ |
| ७ | सिराहा | ३३५.०५ | १५.०२ |
| ८ | सप्तरी | १०८.५३ | ४.८७ |
| | **जम्मा** | **२,२३०.०१** | १००.०० |

(स्रोत: नेपाल राष्ट्र बैंक)

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.७.१ चुनौती

मधेश प्रदेशमा भौगोलिक सुगमता, खेतीयोग्य जमिनको प्रचुरता र यातायात तथा ढुवानीको लागि सहजता हुँदाहुँदै पनि यहाँको कृषि क्षेत्रमा देहाय बमोजिम चुनौतीहरू रहेका छन् :

- कृषि क्षेत्रको थप आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायिकरण गरी कृषि पेशालाई सामाजिक रुपमा प्रतिष्ठित र प्रतिस्पर्धी बनाउनु ।
- कृषि पेशालाई सम्मानित बनाई युवा जनशक्तिलाई श्रम, सीप, तथा पुँजी सहित यो क्षेत्रमा आकर्षित गर्नु र आर्थिक आत्मनिर्भरता बढाउनु ।
- कृषि योग्य भूमिमा बाह्रै महिना सिँचाई सुविधा उपलव्ध गराउनु ।
- प्रदेशमा रहेका लाखौं हेक्टर खेतीयोग्य जमिनमा माटोको उर्वराशक्ति बढाउन माटो परिक्षण गर्ने तथा आर्गनिक मलको आपूर्तीको व्यवस्था गर्ने ।

- समयमा नै कृषकहरूलाई आवश्यक परिमाणमा मलखाद तथा बिउबीजन उपलब्ध हुने सुनिश्चितता गर्नु ।
- कृषकहरूको सीप विकासका लागि तालिम प्रदान गर्नुका साथै खेती गरिएको स्थानमा नै प्राविधिक सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनु ।
- तरकारी तथा खाद्यबालीमा आत्मनिर्भर बन्न बाँझो रहेका जमिन उपयोगमा ल्याई उत्पादन अभिवृद्धि गरी कृषिबाट जनताको जीवनस्तर उकास्नु ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अनुसार मधेश प्रदेशका धनुषा तथा बारा जिल्ला माछापालनका लागि सुपर जोनको रुपमा रहेकोमा यी क्षेत्रहरूमा दीगो कार्यक्रमहरू ल्याई उत्पादनशीलता बढाई कायम राख्न र बजार विस्तारका लागि अध्ययन अनुसन्धान तथा थप कार्यहरू गर्नको साथै सहुलियतहरू उपलव्ध गराउनु ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अनुसार मधेश प्रदेशका सिराहा, धनुषा र सर्लाही जिल्लाहरू धानको जोन क्षेत्रको रुपमा स्थापना भएकोमा सो अनुरुप उत्पादन तथा उत्पादकत्व बढाई दीगोपना कायम राख्नु । धान वालीमा SRI (System of Rice Intensification) प्रविधिको प्रयोग गरी उत्पादन बढाउन पहल गर्नु ।
- रौतहट जिल्ला धानको बिउ जोनको रुपमा स्थापना भई कार्यक्रम अघि बढेको र नेपाल सरकारले धानको ११६ प्रजातिका बीउ स्थानीय माटोको उर्वरताका दृष्टिले प्रभावकारी हुने भनी सिफारिस गरेको भएपनि भारतबाट कमसल प्रकारका बीउको अनधिकृत आयात कायमै रहेकोले भारतबाट आयात हुने बिउलाई निरुत्साहन गर्दै बिउबिजन उपलब्ध गराउनुका साथै यसको प्रयोगलाई अभिवृद्धि गर्नु ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अनुसार मधेश प्रदेशका महोत्तरी, रौतहट र पर्सा जिल्लाहरू तरकारी जोनको रुपमा आर्थिक वर्ष २०७३/७४ मा नै स्थापित भइसकेको भए पनि जनकपुर लगायत ठूला बजार क्षेत्रमा भारतबाट आयातित तरकारीहरूकै दवदवा रहेकाले कार्यक्रम बमोजिम तरकारी खेती गरी तरकारीमा आत्मनिर्भर हुनु ।

**३.७.२ सम्भावना**

मधेश प्रदेशको कृषि क्षेत्रमा माथि उल्लेख भए बमोजिम चुनौतीहरू हुँदा हुँदै पनि देहाय बमोजिम अवसरहरू पनि रहेका छन् :

- मधेश प्रदेशमा सबभन्दा बढी जनसंख्या रहेको र यहाँ श्रम आपूर्ति सहज हुने हुँदा तरकारी, फलफूल, माछा, मासु जस्ता कृषिजन्य वस्तुको व्यावसायिक उत्पादनको साथै खपत बजारको पनि उच्च सम्भावना रहेको छ ।

- मधेश प्रदेशमा समतल भू-भागको साथै उर्वर भूमिको प्रचुरता रहेकोले सिञ्चित भूमिको क्षेत्रफल विस्तारमार्फत् खाद्यान्न तथा अन्य बाली र तरकारी उत्पादनलाई पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ।
- मधेश प्रदेश समतल भूमिमा रहेकाले सतह र भूमिगत जलस्रोत प्रयोग गर्न सकिने देखिएकोले सिँचाईको विकास र विस्तार गरी खाद्य बाली, माछापालन तथा फलफूलका नयाँ नयाँ जातहरूको प्रयोग गरी कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सकिने सम्भावना रहेको छ।
- मधेश प्रदेशमा गुठीको जग्गा, सरकारी जग्गा र प्रयोगमा नआएका जग्गा धेरै रहेकाले यहाँ उपलब्ध श्रमशक्ति प्रयोग गरी यी जग्गाहरू कृषि उत्पादनमा प्रयोग गर्न सक्ने पर्याप्त सम्भावना रहेको छ।
- मधेश प्रदेशबाट वैदेशिक रोजगारीको लागि विदेश जाने युवाहरूको संख्या धेरै रहेकोले पुँजी, प्रेरणा, आत्मविश्वास र उन्नत प्रविधि सम्बन्धी ज्ञान सहित विदेशबाट फर्किएका युवालाई कृषि व्यवसायमा आकर्षित गरी उत्पादकत्व वृद्धि गर्न सक्ने सम्भावना रहेको छ।
- मधेश प्रदेशमा उर्वर तथा समथर भूमि रहेकोले प्रशस्त घाँस खेती समेत लगाउन सकिने भएकोले पशुपालनको माध्यमबाट मासु तथा दुधजन्य पदार्थको उत्पादन बढाई राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा योगदान पुऱ्याउन सकिने प्रचुर सम्भावना रहेको छ।
- माछापालनमा मुलुककै प्रमुख १० वटा जिल्लाहरू मध्ये मधेश प्रदेशका प्राय सबै जिल्लाहरू अग्रस्थानमा रहेकोले आधुनिक प्रविधि प्रयोग गरी माछाको उत्पादन बढाउन सके यहाँ उत्पादित माछाले मुलुकलाई आत्मनिर्भर बनाउनको साथै विदेश निकासी गरी वैदेशिक व्यापार र विदेशी मुद्रा आर्जनमा समेत सघाउ पुऱ्याउन सक्ने सम्भावना देखिन्छ।
- गएको आर्थिक वर्षमा देशको सात प्रदेशहरू मध्ये मधेश प्रदेशमा सबभन्दा बढी खाद्य तथा अन्नबाली उत्पादन भएको देखिएकाले सिँचाईको सुविधा वृद्धि, उन्नत जातको बिउ मल तथा आधुनिक प्रविधि प्रयोग गरेमा यहाँ उत्पादित खाद्य तथा अन्न बालीले मुलुकलाई आत्मनिर्भर बनाउन सक्ने सम्भावना देखिन्छ।

# परिच्छेद ४


# उद्योग क्षेत्र

## ४.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन

### ४.१.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग

समीक्षा वर्षमा मधेश प्रदेशका नमुना छनौटमा समेटिएका उद्योगहरूको क्षमता उपयोग औसतमा (Average Capacity Utilization) ५९.१६ प्रतिशत रहेको छ भने गत वर्षको सोही अवधिमा औसत क्षमता उपयोग ४९.७६ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा उद्योगहरूको औसत क्षमता उपयोगमा वृद्धि आउनुमा कोभिड-१९ संक्रमणमा कमी आई उद्योगहरू सञ्चालनमा आउनु तथा उपभोक्ताको माग बढ्नुका साथै कच्चा पदार्थको आपूर्तीमा सहजता भएको कारण देखिन्छ । समीक्षा वर्षमा फेब्रिकेटेड धातुको सामान उत्पादन गर्ने उद्योगले सबैभन्दा बढी ९४.७२ प्रतिशत र कागज उद्योगले सबैभन्दा कम १०.७९ प्रतिशत क्षमता उपयोग गरेको देखिन्छ । गत वर्षको सोही अवधिमा लत्ता कपडा उद्योगले सबैभन्दा बढी ८४.७० प्रतिशत र कागज उद्योगले सबैभन्दा कम ४.६८ प्रतिशत क्षमता उपयोग गरेको थियो । प्रमुख उद्योगहरुको आ.व.२०७७/०७८ र आ.व.२०७८/०७९ को क्षमता उपयोग सम्बन्धी विवरणलाई चार्ट ४.१ मा प्रस्तुगत गरिएको छ ।

**चार्ट ४.१ : प्रमुख उद्योयगको क्षमता उपयोग (प्रतिशतमा)**




(स्रोत: नमुना छनौटमा परेका उद्योगहरु)

समीक्षा वर्षमा सबैभन्दा बढी क्षमता उपयोग गर्ने ५ वटा उद्योगहरुमा फेब्रिकेटेड धातुका सामान, पेय पदार्थ, अन्न तथा पशु दाना,सुर्तीजन्य वस्तु र प्लाष्टिक जन्य उत्पादन गर्ने उद्योगहरु रहेका छन् जसका क्षमता उपयोग क्रमशः ९४.७२ प्रतिशत, ९२.०८ प्रतिशत, ९१.६८ प्रतिशत, ८६.४६ प्रतिशत र ७१.२० प्रतिशत रहेका छन् । गत वर्षको सोही अवधिमा सबैभन्दा बढी क्षमता उपयोग गर्ने ५ वटा उद्योगहरुमा लत्ता कपडा, पेय पदार्थ, फेब्रिकेटेड धातुका सामान, अन्न तथा पशु दाना र प्लाष्टिक जन्य उत्पादन गर्ने उद्योगहरु रहेका थिए जसका क्षमता उपयोग क्रमशः ८४.७० प्रतिशत, ७१.७७ प्रतिशत, ६५.२३ प्रतिशत, ५९.८३ प्रतिशत र ५८.८४ प्रतिशत रहेका थिए ।


गत वर्षको तुलनामा समीक्षा वर्षमा वनस्पती घिउ तथा तेल, लत्ता कपडा र अन्य खाद्य पदार्थ उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोगमा क्रमशः ५.२९ प्रतिशत, १४.७६ प्रतिशत र २८.३५ प्रतिशतले ह्रास आएको छ भने बाँकी अन्य उद्योगहरुको क्षमता उपयोगमा वृद्धि भएको छ । गत वर्षको तुलनामा समीक्षा वर्षमा

सबैभन्दा बढी क्षमता उपयोगमा वृद्धि गर्ने ५ वटा उद्योगहरुमा सुर्तीजन्य वस्तु, छाला तथा छालाको सामान, अन्न तथा पशु दाना, फेब्रिकेटेड धातुका सामान र धातुका उपकरण उत्पादन गर्ने उद्योगहरु रहेका छन् जसले क्रमशः ३८.७४ प्रतिशत, ३६.५२ प्रतिशत, ३१.७१ प्रतिशत, २९.४९ प्रतिशत र २७.९० प्रतिशतले क्षमता उपयोगमा वृद्धि गरेका छन् ।

### ४.१.२ प्रमुख उद्योगहरूको उत्पादन

समीक्षा वर्षमा मधेश प्रदेशका नमुना छनौटमा समेटिएका उद्योगहरूको उत्पादन वृद्धि औसतमा (Average Production Growth) ५.२३ प्रतिशत रहेको छ भने गत वर्षको सोही अवधिमा उत्पादन वृद्धि औसतमा १२.१० प्रतिशत रहेको थियो । समीक्षा वर्षमा छाला तथा छालाको सामान उत्पादन गर्ने उद्योगको उत्पादनमा सबैभन्दा बढी ५१.५१ प्रतिशतले वृद्धि भएको छ भने प्लाष्टिकजन्य उत्पादन गर्ने उद्योगको उत्पादनमा सबैभन्दा बढी ३९.५० प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा धातुका उपकरण उत्पादन गर्ने उद्योगको उत्पादनमा सबैभन्दा बढी ७७.२२ प्रतिशतले वृद्धि भएको थियो भने कागज तथा कागजका सामाग्री उत्पादन गर्ने उद्योगको उत्पादनमा सबैभन्दा बढी ६९.८१ प्रतिशतले ह्रास आएको थियो । प्रमुख उद्योगहरुको आ.व.२०७७/०७८ र आ.व.२०७८/०७९ को उत्पादन वृद्धि सम्बन्धी विवरणलाई चार्ट ४.२ मा प्रस्तुगत गरिएको छ ।

**चार्ट ४.२ : प्रमुख उद्योगको उत्पादन वृद्धि (प्रतिशतमा)**




(स्रोतः नमुना छनौटमा परेका उद्योगहरु)

समीक्षा वर्षमा सबैभन्दा बढी उत्पादनमा वृद्धि गर्ने ५ वटा उद्योगहरुमा छला तथा छालाको सामान, पेय पदार्थ, फेब्रिकेटेड धातुका सामान, अन्य खाद्य पदार्थ र कागज तथा कागजका सामाग्री उत्पादन गर्ने उद्योगहरु रहेका छन् जसका उत्पादन वृद्धि क्रमशः ५१.५१ प्रतिशत, ४१.२४ प्रतिशत, १३.७८ प्रतिशत, १०.८० प्रतिशत र १०.२८ प्रतिशत रहेका छन् । गत वर्षको सोही अवधिमा सबैभन्दा बढी उत्पादनमा वृद्धि गर्ने ५ वटा उद्योगहरुमा धातुका उपकरण, अन्य रासायनिक पदार्थ, फेब्रिकेटेड धातुका सामान, वनस्पती घिउ तथा तेल र अन्न तथा पशु दाना उत्पादन गर्ने उद्योगहरु रहेका थिए जसका उत्पादन वृद्धि क्रमशः ७७.२२ प्रतिशत, ४७.३६ प्रतिशत, ३२.०९ प्रतिशत, २८.६७ प्रतिशत र २४.२७ प्रतिशत रहेका थिए ।

समीक्षा वर्षमा सुर्तीजन्य वस्तु, वनस्पती घिउ तथा तेल, अन्न तथा पशु दाना र प्लाष्टिकजन्य वस्तु उत्पादन गर्ने उद्योगहरुको उत्पादनमा क्रमशः ९.४५ प्रतिशत, ११.०१ प्रतिशत, १३.७८ प्रतिशत र ३९.५० प्रतिशतले ह्रास आएको छ भने गत वर्षको सोही अवधिमा अन्य खाद्य पदार्थ, प्लाष्टिकजन्य वस्तु र कागज तथा कागजका सामाग्री उत्पादन गर्ने उद्योगहरुको उत्पादनमा क्रमशः ११.८५ प्रतिशत, २६.६३ प्रतिशत र ६९.८१ प्रतिशतले ह्रास आएको थियो ।

## ४.२ औद्योगिक कर्जा स्थिति

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा रु.१ खर्ब २ अर्ब १३ करोड पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा रु.१ खर्ब ५ अर्ब २३ करोड रहेको थियो । समीक्षा वर्षमा मधेश प्रदेशमा औद्योगिक क्षेत्रमा प्रवाहित कर्जा मध्ये सबैभन्दा बढी कर्जा पर्सा जिल्लामा ५६.०५ प्रतिशत र सबै भन्दा कम सप्तरी जिल्लामा २.५१ प्रतिशत रहेको छ । मधेश प्रदेशमा सब भन्दा धेरै उद्योगहरू पर्सा जिल्लामा रहेकोले पर्सा जिल्लामा सबैभन्दा बढी औद्योगिक कर्जा प्रवाह भएको देखिन्छ । यस सम्बन्धी विवरण तालिका ४.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१ : जिल्लागत औद्योगिक कर्जाको स्थिति (रु.करोडमा)**

| क्र.सं. | जिल्ला | कर्जा रकम | हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| १ | सप्तरी | २५६.८१ | २.५१ |
| २ | सिराहा | ६४५.५९ | ६.३२ |
| ३ | धनुषा | १०५८.०७ | १०.३६ |
| ४ | महोत्तरी | ७०९.३ | ६.९४ |
| ५ | सर्लाही | ६१०.२४ | ५.९७ |
| ६ | रौतहट | ५२३.२७ | ५.१२ |
| ७ | बारा | ६८५.९८ | ६.७२ |
| ८ | पर्सा | ५७२४.३५ | ५६.०५ |
| | **जम्मा** | **१०२१३.६१** | १००.०० |


(स्रोतः नेपाल राष्ट्र बैंक)

## ४.३ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा मध्ये गैर-खाद्यवस्तु उत्पादन उद्योगतर्फ ५२.३९ प्रतिशत, कृषि-वन तथा पेय पदार्थ उत्पादन उद्योगतर्फ ३०.५७ प्रतिशत, धातुको उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक्स तथा धातुका सामान उत्पादन तर्फ ७.६२ प्रतिशत, निर्माण उद्योगतर्फ ७.२७ प्रतिशत, खानी उद्योगतर्फ १.६६ प्रतिशत र विद्युत, ग्याँस तथा पानी उद्योगतर्फ ०.४८ प्रतिशत कर्जा प्रवाह भएको छ ।

गत आर्थिक वर्षको सोही अवधिको तुलनामा समीक्षा वर्षमा खानी; धातुको उत्पादन,मेसिनरी तथा इलेक्ट्रोनिक; कृषि, वन तथा पेय पदार्थ उत्पादन र गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योग तर्फको कर्जामा क्रमशः ७४.९९ प्रतिशत, ४४.७५ प्रतिशत, १९.४२ प्रतिशत र २.२९ प्रतिशतले बृद्धि भएको छ भने निमार्ण र विद्युत ग्याँस तथा पानी सम्बन्धी उद्योग तर्फको कर्जामा क्रमशः ६१.८५ प्रतिशत र ४८.७२ प्रतिशतले ह्रास आएको छ । यस सम्बन्धी विवरण चार्ट नं. ४.१ मा प्रस्तुत गरिएको छ ।

**चार्ट ४.३ : औद्योगिक कर्जा लगानी स्थिति (रु.करोडमा)**




(स्रोत : नेपाल राष्ट्र बैंक)

## ४.४ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

मधेश प्रदेशका सम्पूर्ण भू-भाग समतल भागमा रहेकोले ढुवानी लगायत सबै यातायातको सहजता रहेको छ । साथै दक्षिण तर्फको सीमा भारतसँग जोडिएकाले निकासी बजारको समेत अवसर छ । तसर्थ, यस प्रदेशमा उद्योग स्थापना गरी सञ्चालन गर्न र उत्पादित सामान विदेश निकासी गर्न र देशै भर पुऱ्याउन तुलनात्मक लाभ रहेको देखिन्छ । यस्तो अवस्था हुँदा हुँदै पनि यस प्रदेशमा औद्योगिक क्षेत्रसँग सम्बन्धित देहाय बमोजिम चुनौती तथा सम्भावनाहरू रहेका छन् ।

### ४.४.१ चुनौती

- मधेश प्रदेशमा रहेका औद्योगिक क्षेत्रमा विद्युत आपूर्ती व्यवस्थामा सुधार ल्याई निरन्तर उर्जा आपूर्ति मार्फत् उद्योग सञ्चालनको वातावरण बनाउनु ।
- बजार, श्रमशक्ति लगायत भौगोलिक रुपले औद्योगिक विकासको सम्भावना बोकेको स्थानहरूमा औद्योगिक जोनको विकास गर्नु ।
- हरेक वर्ष ठूलो संख्यामा विदेशीने श्रमिकहरूलाई स्थानीय उद्योगहरूमा आकर्षित गरी उत्पादन सुधार गर्नु तथा लागतमा कमी ल्याउनु ।
- औद्योगिक क्षेत्रमा पटक पटक श्रमिक र व्यवस्थापन बिच देखा पर्ने श्रम सम्वन्धमा सुधार गरी उत्पादकत्व बढाउनु ।
- श्रमिक, उर्जा तथा बजार जस्ता कारणहरूले उत्पादन अवरुद्ध हुने अवस्था अन्त्य गर्दै वर्षै भरि उद्योग चल्ने वातावरण बनाई कच्चा पदार्थको नोक्सानी घटाउनु ।

- जमिनको मूल्य अत्यधिक वृद्धि भएका कारण नयाँ उद्योग स्थापना गर्न आवश्यक जमिन उपलब्धताको लागि उचित वातावरण तयार गर्नु ।
- उद्योग सञ्चालनको लागि आवश्यक सीप र क्षमता भएका दक्ष जनशक्तिको आपूर्ति गर्नु ।
- श्रमिक, उर्जा तथा कच्चा पदार्थको कारण बढ्ने औद्योगिक उत्पादन लागत न्यून गर्दै औद्योगिक वस्तुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु ।
- औद्योगिक उत्पादन लागत कम गर्न स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाको लागि प्रोत्साहन गर्नु ।
- प्रदेशमा सञ्चालित अधिकांश उद्योगहरू कम क्षमतामा सञ्चालित रहेकाले सो को कारण पत्ता लगाई बढी क्षमतामा सञ्चालन हुने वातावरण तयार गर्नु ।
- उत्पादित वस्तुहरू छिमेकी मुलुकहरूमा निकासी गर्ने वातावरण निर्माण गरी स्थानीय उद्योगहरूको उत्पादन क्षमता बढाउनु ।
- मधेश प्रदेशमा कृषि तथा माछा पालनको राम्रो सम्भावना रहेको भएतापनि यिनीहरूको व्यावसायिक उत्पादन हुन नसकेकोले यसलाई व्यावसायिक बनाउनु ।
- प्रदेशको प्रमुख कृषि उत्पादनको रुपमा रहेको उखु किसान तथा चिनी उद्योगीहरूको बीचमा हुने असमझदारीको अवस्था अन्त्य गरी उखु किसान र चिनी उद्योगसँग सम्बन्धित समस्याको दीर्घकालीन समाधान गरी देशलाई चिनी उत्पादनमा आत्मनिर्भर तुल्याउनु ।

### ४.४.२ सम्भावना

- मधेश प्रदेशमा प्रसिद्ध धार्मिक तीर्थस्थलहरू रहेकोले परम्परागत सीपमा आधारित धार्मिक सांस्कृतिक महत्वका वस्तुहरूमा आधारित उद्योगहरूलाई प्रवर्द्धन गरी स्थानीय जनताको आय आर्जन बढाउने तथा राजस्व परिचालनको आधार फराकिलो बनाउन सक्ने देखिन्छ ।
- मुलुकको सबभन्दा बढी जनघनत्व र बढी जनसंख्या भएको प्रदेश भएकोले सस्तो श्रम आपूर्ति हुने हुँदा मधेश प्रदेशमा उद्योगहरू स्थापना गरी उत्पादन बढाएमा उत्पादित वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता बढ्न गई कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढ्न सक्ने देखिन्छ ।
- मधेश प्रदेशको सम्पूर्ण दक्षिणी सीमा भारतसँग जोडिएकोले भारतबाट आयात हुने औद्योगिक कच्चा पदार्थको ढुवानी सस्तो हुने कारण कम लागतमा वस्तु उत्पादन हुन सक्ने र सजिलै भारत निकासी गर्न सक्ने सम्भावना देखिन्छ ।
- मधेश प्रदेशमा पूर्व-पश्चिम राजमार्ग लगायत संघीय राजधानी काठमाडौ तथा पहाडी जिल्लाहरू जोड्ने सडक सञ्जाल रहेकोले यहाँ दूध, माछा, मासु, अन्न जस्ता कृषिमा आधारित उद्योगहरू स्थापना गर्न सके यी उद्योगहरूबाट उत्पादित वस्तुहरू देशभरि नै पुऱ्याउन सक्ने प्रचुर सम्भावना देखिन्छ ।

- मधेश प्रदेशमा उद्योग स्थापनाका लागि उपयुक्त धरातलीय स्वरुप रहेको कारण यहाँ उद्योग कलकारखानाहरूको स्थापना गर्न सके वर्षेनी थपिने लाखौं श्रमिकहरूको लागि मुलुकभित्रै रोजगारीका अवसर वृद्धि गर्न सक्ने सम्भावना देखिन्छ ।
- धान, गहुँ, मकै जस्ता अन्न बालीको प्रशस्त उत्पादन हुनुको साथै सुगम भौगोलिक संरचना रहेकोले यो प्रदेशमा कृषि बालीमा आधारित पिठोजन्य उद्योगहरू स्थापना गर्न सक्ने राम्रो सम्भावना रहेको छ ।

# परिच्छेद ५

# सेवा क्षेत्र


## ५. सेवा क्षेत्र

सेवा क्षेत्र अन्तर्गत मधेश प्रदेशमा सञ्चालित पर्यटन, सार्वजनिक निर्माण, रियलस्टेट, वित्तीय सेवा, यातायात, सञ्चार, थोक तथा खुद्रा व्यापार, होटल तथा रेष्टुरेन्ट, सार्वजनिक प्रशासन, स्वास्थ्य एवम् सुरक्षा व्यवस्था जस्ता क्षेत्रहरूलाई समावेश गरिएको छ । ती मध्ये प्रमुख उप-क्षेत्रहरूको समीक्षा वर्षको स्थिति निम्नानुसार रहेको छ ।

## ५.१ पर्यटन

समीक्षा वर्षमा छनौटमा परेका मधेश प्रदेशको पर्यटकस्तरीय होटलमा कार्यरत कर्मचारीहरूको संख्या ३६.४३ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही वर्षमा यस क्षेत्रको रोजगारीमा २६.७० प्रतिशतले ह्रास आएको थियो । समीक्षा वर्षमा पर्यटक आगमनमा २५४.५९ प्रतिशतले वृद्धि भई २० हजार ७ सय ३३ जना पुगेको छ भने गत वर्षको सोही अवधिमा ५७.३५ प्रतिशतले ह्रास आइ सो संख्या ५ हजार ८ सय ४७ मात्र कायम रहेको थियो । समीक्षा वर्षमा पर्यटक आगमन संख्यामा उल्लेखनीय वृद्धि हुनुमा विगत वर्षहरूमा कोभिड-१९ ले पर्यटक आगमन ठप्प रहेकोमा सो को प्रभाव विस्तारै कम हुँदै गएर पर्यटक आवागमनमा सहजता आई सो क्षेत्रको गतिविधि बढ्नु हो । पर्यटक आगमनमा वृद्धि भएसँगै होटलहरूको व्यवसाय वृद्धि भएकाले यहाँ कार्यरत कर्मचारीहरूको लागि रोजगारीको अवसर समेत वृद्धि भएको देखिन्छ । समीक्षा वर्षको पर्यटक आगमनको संख्या सम्बन्धी विवरणलाई चार्ट नं.५.१ मा देखाइएको छ ।

**चार्ट ५.१ : पर्यटक आगमनको संख्या (प्रतिशतमा)**




(स्रोत: नमुना छनौटमा परेका होटलहरु)

समीक्षा वर्षको कुल पर्यटक आगमन संख्या मध्ये ९०.६९ प्रतिशत भारतीय, १.८३ प्रतिशत चिनीयाँ र ७.४८ प्रतिशत तेस्रो मुलुकका नागरिक रहेका छन् । गत वर्षको सोही अवधिमा कुल पर्यटक आगमन संख्या मध्ये ९३.९१ प्रतिशत भारतीय, ०.७७ प्रतिशत चिनीयाँ र ५.३२ प्रतिशत तेस्रो मुलुकका नागरिक रहेका थिए ।

**गढीमाई मन्दिर**

मधेश प्रदेशको बारा जिल्ला अन्तर्गतको बरियारपुरमा रहेको गढीमाई मन्दिर धार्मिक पर्यटकहरुको लागि महत्वपूर्ण गन्तव्यको रुपमा लिन सकिन्छ । यो मन्दिर राजधानी काठमाडौंबाट १६० कि.मि दक्षिण र कलैया बजारबाट ७ कि.मि. पुर्व रहेको छ । यो गढीमाई देवीको मन्दिर हो जसलाई हिन्दु शक्तिको देवी कालीको एक पक्षको रुपमा लिइन्छ । यस मन्दिरमा दुष्टताको अन्त्य हुने र समृद्धि प्राप्त हुने विश्वसका साथ भत्तजनहरु आउने गर्दछन् ।



यस मन्दिरमा हरेक ५ वर्षमा मंसिर १ गतेदेखि महिन भरी गढीमाई पर्व मनाइन्छ । हिन्दु पौराणिक कथा अनुसार २५० वर्ष भन्दा अघीदेखि यो पर्व मनाउने परम्परा रहेको मानिन्छ । यो पर्व मुख्यतयाः मधेसी समुदायले मनाउने गर्दछ । यस पर्वमा शक्तिकी देवी गढीमाईलाई खुसी पार्ने लक्ष्यका साथ भैंसी, सुँगुर, बोका, कुखुरा, परेवा लगायतका जनवारहरुको बलि दिइने गरिन्छ । यस मन्दिरमा नरिवल, मिठाई, रातो रङ्गको कपडा आदि पनि चढाउने गरिन्छ ।

यस पर्वलाई संसारको सबैभन्दा ठुलो पशु बलि दिइने पर्वहरु मध्ये एक पर्वको रुपमा लिइन्छ । यस पर्वमा नेपाल तथा भारतबाट लाखौ मानिसहरु उपस्थित हुन्छन् । यस पर्वमा करिव ७० प्रतिशत भक्तजनहरु भारतबाट आउने गर्दछन् । २०७६ साल मंसिर महिनामा सम्पन्न भएको यस पर्वमा नेपल तथा भारतका लाखौ संख्यामा भत्तजनहरु सहभागी भएका थिए । उक्त पर्व पुनः ५ वर्ष पछि अर्थात २०८१ साल मंसिर महिनामा सम्पन्न हुनेछ ।

## ५.२. सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्षमा मधेश प्रदेशको समग्र घरजग्गा रजिष्ट्रेशन संख्यामा १७.११ प्रतिशतले वृद्धि भई १ लाख ३० हजार ६ पुगेको छ । गत वर्ष यस्तो संख्यामा ५४.११ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा घर जग्गा रजिष्ट्रेशन राजस्व रकम ३३.२२ प्रतिशतले ह्रास आई रु.३६ अर्ब ७ करोड प्राप्त भएको छ । गत वर्ष यस्तो रकम ७९.८८ प्रतिशतले वृद्धि भइ रु.५४ अर्ब ८ करोड प्राप्त भएको थियो । समीक्षा वर्षा नक्शा पास स्वीकृत

संख्यामा ५ प्रतिशतले वृद्धि भई ४ हजार ३०८ रहन गएको छ । गत वर्ष यस्तो संख्या ४ हजार १ सय ३ रहेको थियो । यस सम्बन्धी विवरण तालिका नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| क्र.सं. | विवरण | २०७८ असार मसान्तसम्म | २०७९ असार मसान्तसम्म | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| १. | घरजग्गा रजिष्ट्रेशन सङ्ख्या | १११०१५.०० | १३०००६.०० | १७.११ |
| २. | घर/भवन स्थायी नक्सा पास सङ्ख्या | ४१०३.०० | ४३०८.०० | ५.०० |
| ३. | घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा) | ५४०१.५० | ३६०७.३९ | -३३.२२ |

(स्रोत : मालपोत कार्यालय तथा उप-महानगरपालिका/नगरपालिका कार्यालय)

समीक्षा अवधिमा मधेश प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूबाट यस क्षेत्रतर्फ ७ अर्ब ३९ करोड कर्जा प्रवाह भएको छ ।

## ५.३ वित्तीय सेवा

समीक्षा वर्षमा मधेश प्रदेशमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरू (लघुवित्त सहित) को सञ्चालनमा रहेका कुल शाखा संख्या १ हजार ७ सय ४५ रहेको छ । गत वर्षको सोही अवधिमा यस प्रदेशमा सञ्चालित कुल शाखा १ हजार ६ सय ७ रहेको थियो ।

सञ्चालनमा रहेका शाखाहरू मध्ये वाणिज्य बैंकका ५७२, विकास बैंकका ८४, वित्त कम्पनीका ३८ र लघुवित्त वित्तीय संस्थाहरूको १ हजार ५१ शाखाहरू रहेका छन । जिल्लागत आधारमा शाखाहरूको उपस्थिति हेर्दा सबै भन्दा बढी बारा जिल्लामा २५० शाखाहरू र सबै भन्दा कम रौतहट जिल्लामा १८० शाखाहरू रहेका छन् । यस सम्बन्धी विवरण तालिका नं. ५.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२ : २०७९ असार मसान्तसम्मको बैंक तथा वित्तीय संस्थाका सेवाहरु**

| क्र.सं. | जिल्ला | शाखा संख्या | ATM मेशिनको संख्या | Mobile तथा Internet Banking चलाउनेको संख्या |
|---|---|---|---|---|
| १. | पर्सा | १९२ | ७० | २,३०,६७१ |
| २. | बारा | २५० | ५८ | १,७४,६०३ |
| ३. | सर्लाही | २२९ | ३९ | १,६२,७०५ |
| ४. | रौतहट | १८० | ३१ | १,२१२५७ |
| ५. | महोत्तरी | २१५ | ३८ | १,३०,१०३ |
| ६. | धनुषा | २४९ | ६२ | २,३७,६४१ |
| ७. | सिराहा | २३९ | ६४ | २,०६,०६२ |
| ८. | सप्तरी | १९१ | ४० | १,२७,२४३ |
| | **जम्मा** | **१,७४५** | **४०२** | **१३,९०,२८५** |

(स्रोत: नेपाल राष्ट्र बैंक)


मधेश प्रदेशमा २०७९ असार मसान्तसम्ममा ATM मेशिनको संख्या ४०२ वटा पुगेको छ जसमध्ये सबैभन्दा बढी पर्सा जिल्लामा ७० वटा र सबैभन्दा कम रौतहट जिल्लामा ३१ वटा रहेका छन् । त्यसैगरी यस प्रदेशमा Mobile तथा Internet Banking चलाउनेको संख्या १३ लाख ९० हजार २ सय ८५ पुगेको छ ।

## ५.४ निक्षेप तथा कर्जा स्थिति

बैंक तथा वित्तीय संस्थाहरूले समीक्षा वर्षमा यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप गत वर्षको सोही अवधिको तुलनामा ५.३५ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ६१ अर्ब ८१ करोड पुगेको छ । गत वर्ष यस्तो निक्षेप ३०.२७ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ४८ अर्ब ५१ करोड पुगेको थियो ।

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा गत वर्षको तुलनामा १६.७० प्रतिशतले वृद्धि भई रु.४ खर्ब ३० अर्ब ९ करोड पुगेको छ । गत वष यस्तो कर्जा २९.३४ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ६८ अर्ब ५३ करोड पुगेको थियो । यस सम्बन्धी विवरण चार्ट नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

**चार्ट ५.२ : निक्षेप तथा कर्जा स्थिति (रु.करोडमा)**




(स्रोत: नेपाल राष्ट्र बैंक)

## ५.५ यातायात

मधेश प्रदेशमा समीक्षा वर्षमा गत वर्षको सोही अवधीको तुलनामा १३.५९ प्रतिशतले ह्रास आई थप १ लाख १७ हजार १ सय १२ सवारी साधन नयाँ दर्ता भएका छन् । समीक्षा वर्ष सवारी साधनहरू मध्ये मोटरसाइकलको नयाँ दर्ता संख्यामा १६.५८ प्रतिशतले ह्रास आएको छ भने अन्य यातायात साधनको नयाँ दर्ता संख्यामा १२.१३ प्रतिशतले वृद्धि भएको छ । यस सम्बन्धी विवरण तालिका ५.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.३ : मधेश प्रदेशमा यातायात साधनको नयाँ दर्ताको स्थिति**

| क्र.स. | विवरण | २०७७ असार मसान्त | २०७८ असार मसान्त | २०७९ असार मसान्त | समीक्षा अवधिको परिवर्तन (%) |
|---|---|---|---|---|---|
| १. | मोटरसाईकल | ८४९२१ | १२१४२७ | १०१२९६ | -१६.५८ |
| २. | अन्य | १६८२६ | १४१०५ | १५८१६ | १२.१३ |

| | कुल संख्या | १०१७४७ | १३५५३२ | ११७११२ | -१३.५९ |
|---|---|---|---|---|---|

(स्रोत : यातायात व्यवस्था कार्यालय, मधेश प्रदेश)

## ५.६ शिक्षा तथा स्वास्थ्य

### ५.६.१ शिक्षा

समीक्षा वर्षमा सामुदायिक विद्यालयको संख्या २.०२ प्रतिशतले कमी आई ३ हजार २ सय ५४ पुगेको छ। विद्यार्थीको संख्या ६.६९ प्रतिशतले वृद्धि भई १२ लाख ६९ हजार ७ सय ४ पुगेको छ भने शिक्षक/शिक्षिकाको संख्या १०.२३ प्रतिशतले कमी आई १७ हजार २४ पुगेको छ।

समीक्षा वर्षमा संस्थागत विद्यालयको संख्या ०.४१ प्रतिशतले वृद्धि भई ९ सय ६८ कायम भएको छ। संस्थागत विद्यालयमा विद्यार्थी संख्या १३.८१ प्रतिशतले कमी आई २ लाख ५० हजार ८ सय ३६ कायम भएको छ भने शिक्षक/शिक्षिकाको संख्या २.७८ प्रतिशतले वृद्धि भई ७ हजार २ सय १७ कायम भएको छ।

समीक्षा वर्षमा प्राविधिक शिक्षालय अन्तर्गत शिक्षालय संख्या ५.२६ प्रतिशतले कमी आई १ सय २६ पुगेको छ भने विद्यार्थी संख्या २.०२ प्रतिशतले कमी आई १० हजार ६ सय ८१ पुगेको छ। शिक्षक/शिक्षिका संख्या १.९२ प्रतिशतले वृद्धि भई ४ सय ७७ पुगेको छ। समीक्षा वर्षमा विश्वविद्यायलमा आवद्ध भएका क्याम्पस संख्यामा कुनै परिवर्तन भएको छैन अर्थात गत वर्षकै संख्या ७२ वटा कायम रहेका छन्।

### ५.६.२ स्वास्थ्य

समीक्षा वर्षमा सरकारी अस्पतालको संख्या ४० प्रतिशतले वृद्धि भई संख्या २१ वटा पुगेका छ भने अस्पतालमा कार्यरत सरकारी चिकित्सक संख्या २२.४१ प्रतिशतले वृद्धि भई २ सय ९५ पुगेको छ। त्यसैगरी सरकारी अस्पतालको शैया संख्या ९.८८ प्रतिशतले वृद्धि भई १ हजार ३ सय ३५ पुगेको छ।

समीक्षा वर्षमा निजी अस्पतालको संख्या ८.८७ प्रतिशतले वृद्धि भई १ सय ३५ पुगेको छ भने निजी अस्पतालमा कार्यरत चिकित्सक संख्या १०.८८ प्रतिशले वृद्धि भई ८ सय ६६ पुगेको छ। त्यसैगरी निजी अस्पतालको शैया संख्या ११.२६ प्रतिशतले वृद्धि भई २ हजार ६ सय ५८ पुगेको छ।

## ५.७ सेवा क्षेत्र कर्जा

समीक्षा वर्षमा मधेश प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूबाट सेवा क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा २.२ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ४६ अर्ब ९६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा ३०.९७ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ४३ अर्ब ८० करोड पुगेको थियो। यस सम्बन्धी विवरण तालिका नं. ५.४ मा प्रस्तुत गरिएको छ।

**तालिका ५.४ : सेवा क्षेत्र कर्जाको स्थिति (रु.करोडमा)**

| क्र.सं. | विवरण | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ |
|---|---|---|---|---|
| १. | यातायात, भण्डारण र संचार | ५६२.५७ | ५६२.९१ | ६२६ |
| २. | थोक तथा खुद्रा विक्रेता | ८,६११.५३ | ११,४८३.१० | १३,३९०.४० |
| ३. | वित्त, बीमा तथा अचल सम्पत्ति | ७३६.५२ | ९७४.८७ | ४८८.७६ |

| | | | | |
|---|---|---|---|---|
| ४. | पर्यटन | ४०२.८९ | ५१४.६० | ५३९.१९ |
| ५. | अन्य सेवा | ६६६.३८ | ८४५.३५ | २७८.१५ |
| **जम्मा** | | **१०९७९.८९** | **१४३८०.८३** | **१४६९६.५०** |

(स्रोत: नेपाल राष्ट्र बैंक)

समीक्षा वर्षमा मधेश प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूबाट सेवा क्षेत्रतर्फ भएको कुल कर्जा मध्ये सबैभन्दा बढी सप्तरी जिल्लामा रु.८४ अर्ब ९० करोड अर्थात् मधेश प्रदेशमा प्रवाहित सेवा क्षेत्र कर्जाको ३७.०३ प्रतिशत र सबैभन्दा कम रौतहट जिल्लामा रु.१० अर्ब ८४ करोड अर्थात् मधेश प्रदेशमा प्रवाहित कुल सेवा क्षेत्र कर्जाको ४.७३ प्रतिशत रहेको छ। सो अवधिमा मधेश प्रदेशबाट सेवा क्षेत्रमा प्रवाहित कर्जाको जिल्लागत स्थिति तालिका ५.५ मा प्रस्तुत गरिएको छ।

**तालिका ५.५ : जिल्लागत सेवा क्षेत्र कर्जा (रु.करोडमा)**

| क्र.सं. | जिल्ला | रकम | जिल्लागत हिस्सा (%) |
|---|---|---|---|
| १. | पर्सा | ५०२७.८८ | २१.९३ |
| २. | बारा | १३७४.५८ | ६.०० |
| ३. | रौतहट | १०८४.७६ | ४.७३ |
| ४. | सर्लाही | १४२४.२१ | ६.२१ |
| ५. | महोत्तरी | १२६७.६४ | ५.५३ |
| ६. | धनुषा | २३०९.६३ | १०.०७ |
| ७. | सिराहा | १९४९.३३ | ८.५० |
| ८. | सप्तरी | ८४९०.०० | ३७.०३ |
| जम्मा | | **२२९२८.०३** | **१००** |

(स्रोत: नेपाल राष्ट्र बैंक)

## ५.८ सहकारी क्षेत्र

यस प्रदेशमा दर्ता भएका वचत तथा ऋण सहकारी संस्था मध्ये नमुना छनौट गरिएका १० वटा ठूला वचत तथा ऋण सहकारी संस्थाबाट प्राप्त विवरणको आधारमा सहकारीको अवस्था विश्लेषण गरिएको छ।

- २०७९ असार मसान्तसम्ममा छनौटमा परेका सहकारीहरुको कुल पुँजी १५.८० प्रतिशतले वृद्धि भई रु.२ अर्ब ५४ करोड ३१ लाख पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ३५.७९ प्रतिशत रहेको थियो।


- २०७९ असार मसान्तसम्ममा छनौटमा परेका सहकारीहरुको कुल बचत रु.५ अर्ब ८९ करोड ४३ लाख पुगेको छ।

- २०७९ असार मसान्त सम्ममा छनौटमा परेका सहकारी संस्थाहरुबाट भएको ऋण प्रवाह २१.३५ प्रतिशतले वृद्धि भई रु.५ अर्ब ८४ करोड १९ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा ऋण प्रवाह २२.८७ प्रतिशतले वृद्धि भएको थियो ।

- २०७९ असार मसान्तसम्ममा छनौटमा परेका सहकारी संस्थाका कुल सदस्य संख्या २२.५३ प्रतिशतले वृद्धि भई ६५ हजार ४ सय ७० पुगेको छ ।

- २०७९ असार मसान्त सम्ममा छनौटमा परेका सहकारी संस्थाका कर्मचारी संख्यामा ३.६ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा कर्मचारी संख्यामा २.११ प्रतिशतले ह्रास आएको थियो ।

**चार्ट ५.३ : सहकारी क्षेत्रको पूँजी, वचत र ऋण लगानीको अवस्था (दश लाखमा)**




(स्रोत : सम्बन्धित सहकारी संस्थाहरु)

## ५.९ सेवा क्षेत्रको चुनौती र सम्भावना

मधेश प्रदेशमा धार्मिक तथा साँस्कृतिक महत्व बोकेका पोखरीहरू धेरै रहेकाले यसलाई सरसफाई गरी जल मनोरञ्जनको दृष्टिले उपयोग गर्न सकेमा धार्मिक तथा सबै प्रकारका पर्यटकहरूलाई आकर्षित गर्न सकिने देखिन्छ । उपयुक्त भौगोलिक अवस्थिति भएकाले अस्पताल तथा ठूला शिक्षण संस्थाहरूको समेत स्थापना गर्न सकेमा शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा समेत राम्रो सम्भावना बोकेको प्रदेशको रुपमा देखिन्छ । तथापि यस क्षेत्रको विकासमा यहाँ देहाय बमोजिम चुनौती र सम्भावनाहरू रहेको देखिन्छ ।

### ५.९.१ चुनौतीहरू

- मधेश प्रदेशमा अवस्थित मिथिला क्षेत्रको सांस्कृतिक सम्पदाको रुपमा रहेको मिथिला कला तथा संस्कृति जस्ता मौलिक कला सँस्कृति समेट्ने विषय वस्तुहरूको संरक्षण र विकास गर्नु ।

- मधेश प्रदेशमा सेवारत बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय स्रोत तथा साधनलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरी आर्थिक वृद्धि तथा उत्पादकत्व वृद्धि गर्नु ।

- जनकपुर क्षेत्रमा रहेको मानव निर्मित पोखरी तथा ताल तलैया लगायत शहरको उचित सरसफाई तथा श्रृंगार गरी मनोरञ्जनात्मक गतिविधिहरूको प्रवर्द्धन गरी पर्यटन विकास गर्नु ।

- मधेशमा बढिरहेको अव्यवस्थित र द्रुत शहरीकरणलाई रोकी व्यवस्थित र सुन्दर शहरीकरणको विकास गर्नु ।
- मधेश प्रदेशमा हुने आन्तरिक तथा बाह्य दुवै किसिमको गुणस्तरीय पर्यटकहरूको आगमन वृद्धि गर्न आवश्यक सुधार गर्नु ।
- पर्यटकीय एवम् मनोरञ्जनका स्थलहरूको खोजी तथा विकास गरी आन्तरिक तथा बाह्य पर्यटकहरूको बसाई अवधि लम्ब्याउनु ।
- स्थानीय वासिन्दाहरूमा शहर तथा प्राचीन र साँस्कृतिक सम्पदाहरूको सरसफाई सम्बन्धी जनचेतना जगाई पर्यटन क्षेत्रको विकासलाई प्रोत्साहित गर्नु ।

**५.९.२ सम्भावनाहरू**

- मधेश प्रदेशमा सिम्रौनगढ, गढीमाई, जनकपुर, जलेश्वर र छिन्नमस्ता जस्ता ऐतिहासिक एवम् धार्मिक महत्वका तीर्थस्थलहरू रहेकाले यस प्रदेशमा धार्मिक तथा सांस्कृतिक पर्यटन विकासको राम्रो सम्भावना रहेको देखिन्छ ।
- मधेश प्रदेशको सीमा भएर बग्ने सप्तकोशी नदी साहसिक जलयात्राको दृष्टिकोणले प्रख्यात रहेकाले यस्ता पर्यटकहरूलाई यहाँ आकर्षित गर्न सक्ने राम्रो सम्भावना रहेको देखिन्छ ।
- मधेश प्रदेशको ताजा माछा लोकप्रिय रहेको र हवाई तथा स्थल यातायातको हिसाबले सुगम रहेकोले सो को लाभ लिँदै स्तरीय होटल तथा रेष्टुरेन्टको स्थापना गरेमा माछापालन हुने स्थानहरूमा मत्स्य पर्यटन लगायतका पर्यटकीय विकास गर्न सकिने सम्भावना देखिन्छ ।
- उपयुक्त भौगोलिक संरचना रहेकोले शिक्षा, स्वास्थ्य तथा खेलकुद क्षेत्रलाई समावेश गरी एकीकृत पर्यटन कार्यक्रम संचालन गर्न सकिने सम्भावना रहेको देखिन्छ ।
- जनकपुर क्षेत्रमा रहेको पोखरी तथा ताल तलैयाहरू लगायत शहरको उचित सरसफाई र श्रृंगार गरी पर्यटक आकर्षित गर्न सकेमा यसबाट समेत पर्यटन क्षेत्रको विस्तार गर्न सकिने देखिन्छ ।
- भारतसँग खुल्ला सिमाना भएकोले पर्यटन पूर्वाधार विकास तथा प्रचार प्रसार गर्न सके स्तरीय भारतीय पर्यटक भित्र्याउन सकिने उच्च संभावना रहेको देखिन्छ ।
- मधेश प्रदेश कृषि तथा माछापालनमा अग्रस्थानमा रहेकाले कृषिलाई आकर्षक र आधुनिक व्यवसायको रुपमा विकास गरी कृषि पर्यटन लगायतका पर्यटकीय विकास गर्न सकिने सम्भावना देखिन्छ ।

## परिच्छेद : ६

# पूर्वाधार र रोजगारी

### ६.१ पूर्वाधार क्षेत्र

मधेश प्रदेशमा पूर्वाधार विकासका राष्ट्रिय आयोजनाहरू सञ्चालनमा रहेका छन् । यहाँ निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनाहरूको काम द्रुत गतिमा अघि बढिरहेको छ भने जयनगर–जनकपुर कुर्था रेल्वे सञ्चालनमा आइसकेको छ । हुलाकी राजमार्ग निर्माणको कार्य प्रगतिमा वृद्धि हुने, जयनगर जनकपुर कुर्था रेलवेको बाँकी खण्ड विस्तार भई विजलपुरा हुँदै वर्दिवाससम्म पुऱ्याउन काम अघि बढिरहेको तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको काम अघि बढाउन सरकारले बजेट र कार्यक्रमहरू अघि बढाएकाले आगामी वर्षहरूमा पूर्वाधार क्षेत्रको प्रगतिमा उल्लेख्य वृद्धि हुने अनुमान छ । स्थानीय तहमा नयाँ जनप्रतिनिधिहरूको आगमनसँगै कामले नयाँ दिशा पहिल्याएको पाइन्छ । स्थानीय आवश्यकता अनुरुपको विकास निर्माणको पहिचान, जनताको विकास प्रति जागरुकता र निर्माण सामग्रीको सहज उपलब्धता आदि कारणले मधेश प्रदेशमा आगामी दिन पूर्वाधार निर्माणको गतिमा अझ तीव्रता आउने अनुमान गरिएको छ ।

#### ६.१.१ जयनगर-जनकपुर-कुर्था रेलवे

नेपाल रेलवे कम्पनी लिमिटेडको व्यवस्थापनमा सञ्चालन हुने गरी जयनगर-जनकपुर-कुर्था रेलवेको भौतिक पूर्वाधार निर्माणको काम सम्पन्न भई २०७८ चैत २० गतेदेखि सञ्चालनमा आएको छ । भारत सरकारको पूर्ण लगानीमा सम्पन्न भएको भौतिक पूर्वाधार निर्माण अन्तर्गत् रेलवेको लिक बिछ्याउने तथा विभिन्न स्टेशनहरूमा प्लेटफर्म बनाउने र रेलको ईन्जिन र बग्गी खरीद समेतको कुल लागत रु.८ अर्ब रहेको जानकारी सो कम्पनीबाट प्राप्त भएको छ । कम्पनीका अनुसार रेलको यात्रु क्षमता १ हजार ३ सय रहेको छ जसमा एसी क्याबिनमा ५६ जना र जनरल क्याबिनमा जम्मा १ हजार २ सय ४४ जना यात्रु अट्ने क्षमता रहेको छ । यस हिसाबले दैनिक रुपमा रेलको यात्री संख्या २ हजार ५ सयदेखि ३ हजार रहेको छ ।

हाल सम्पन्न पूर्वाधार अनुसार धनुषाको कुर्थाबाट, जनकपुर, परवाह, वैदेही, महिनाथपुर, खजुरी, इनर्वा हुँदै भारतीय सीमास्थित बजार जयनगरसम्म चल्ने यस रेल्वेको लम्बाई ३५ कि.मी. रहेको छ । कुर्था-विजलपुरासम्मको ३५ कि.मी. खण्ड भने निर्माणाधिन अवस्थामा रहेको छ । कुर्थादेखि महोत्तरीको भंगहासम्म १७ कि.मि. सन् २०२३ को नोभेम्बरसम्म सम्पन्न हुने लक्ष्यको साथ काम भइरहेको छ । भंगहादेखि बर्दिवाससम्म १७ कि.मी. खण्डमा जग्गा अधिग्रहण एवम् मुआब्जा वितरणको प्रक्रियामा रहेको छ ।

### ६.१.२ हुलाकी राजमार्ग

आर्थिक वर्ष २०६६/६७ बाट शुरु भएको यो आयोजना आर्थिक वर्ष २०७९/८० मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । प्रारम्भिक लागत अनुमान रु.४७ अर्ब २४ करोड रहेकोमा संशोधित लागत रु.६५ अर्ब २० करोड रहेको छ । नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागबाट सार्वजनिक भएको आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन अनुसार हालसम्मको समष्टिगत भौतीक प्रगति ६१.१२ प्रतिशत र वित्तीय प्रगति रु.५२.१८ अर्ब अर्थात् ८०.०३ प्रतिशत रहेको छ । हालसम्ममा कुल १ हजार ७ सय ९२ कि.मी. मध्ये ८ सय ९१ कि.मी. कालोपत्रे सम्पन्न भएको छ भने बाँकी ४ सय ७० कि.मि. सडक निर्माणाधीन अवस्थामा रहेको छ । कुल २ सय १९ पुल मध्ये १ सय १५ वटा पुल सम्पन्न भएका छन् ।

### ६.१.३ निजगढ अन्तर्राष्ट्रिय विमानस्थल

राष्ट्रिय गौरवको आयोजनाको रुपमा अघि बढेको **निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणको काम** आ.व. २०७१/७२ बाट शुरु भई आर्थिक वर्ष २०८५/८६ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । नेपाल सरकार राष्ट्रिय आयोगबाट राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय सम्बन्धमा प्रकाशित विवरण, २०७७ अनुसार नेपाल सरकार र Land Mark Worldwide बिच सम्पन्न सम्झौता अनुसार निजगढमा एयरपोर्ट सिटी सहित विमानस्थल बनाउने सम्बन्धमा Land Mark Worldwide तयार गरेको सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसार यसको अनुमानित लागत रु.७ खर्ब रहेको थियो । सोही विवरण अनुसार राष्ट्रिय गौरवको आयोजनाको रुपमा अघि बढिरहेको यस आयोजनाको स्वीकृत कुल लागत रु.१ खर्ब ६५ अर्ब रहेको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार यस आयोजनाको गर्नुपर्ने प्राथमिक तयारीका कार्यहरू विमानस्थल क्षेत्रमा तारबार गर्ने, ६६ बिगाह निजी जग्गा अधिग्रहण गर्ने, वातावरणीय प्रभाव मूल्यांकन गर्ने, बकाहा र पसाहा खोलामा ४ हजार मिटर नदी नियन्त्रणको कार्य सम्पन्न गरेको छ । विमानस्थल क्षेत्रमा रहेका सुकुम्वासी वस्तीको घर जग्गाको लगत लिई तिनको व्यवस्थापनको लागि भूमि सुधार तथा व्यवस्था मन्त्रालय मार्फत कारवाही अघि बढाइएको छ । विमानस्थलको गुरुयोजना निर्माणको ५० प्रतिशत कार्य सम्पन्न भएको छ । प्रथम चरणको निर्माण कार्यका लागी १ हजार ९ सय हेक्टर क्षेत्रफल भित्र पर्ने रुख पोलको लागत नम्बरिङ्ग कार्य भइरहेको छ । परियोजनाको Detail Feasibility Study तथा आयोजनास्थल वरपर सीमाङ्कन गर्ने कार्य सम्पन्न भएको छ । हाल आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्या तथा चुनौतीहरू टाँगिया बस्ती व्यवस्थापन र आयोजनाका मोडालिटी बारे निर्णय हुन नसक्नु पनि रहेको छ ।

## काठमाडौं-तराई मधेस द्रुतमार्ग

काठमाडौं-तराई मधेस द्रुतमार्ग सडक आयोजना राजधानी काठमाडौंलाई तराई मधेससँग छोटो दूरीमा जोड्ने रणनीतिक महत्वको देशकै पहिलो स्तरीय सडक तथा द्रुतमार्ग (Asian Highway Standard Primary Class A) हो । यस द्रुतमार्गले छोटो दूरीमा राजधानी काठमाडौंलाई तराईसँग जोडी यात्रा तथा ढुवानी सहज बनाउँदै राष्ट्रको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा राखिएको छ ।



नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४ वैशाख २१ गतेको निर्णय अनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मिति २०७४ श्रावण २७ गते नेपाली सेनालाई आयोजना हस्तान्तरण भई निर्माण शुरु भएको हो । नेपाली सेनालाई आयोजना हस्तान्तरण भए पश्चात् Asian Development Bank (ADB) द्वारा तयार पारिएको Feasibility Study & Preliminary Design Report 2008 लाई आधार मानी आयोजनाका निर्माण कार्यहरू अगाडि बढाइएको छ । कोरियाको Soosung Engineering & Consulting ले द्रुतमार्गको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी स्वीकृतिका लागि पेश भएकोमा २०७६ भदौ १ गते स्वीकृत भईसकेको छ । यसको लम्बाई ललितपुरको खोकना देखि शुरु भई मकवानपुर हुँदै बारा जिल्लाको निजगढसम्म चार लेन सहितको जम्मा ७२.५ कि.मि. रहेको छ । यस सडकको कुल लम्बाईमध्ये ५५.५ कि.मि. सडक खण्ड, १०.५९ कि.मि. पुल र ६.४१ कि.मि. सुरुङ्ग मार्ग हुने कुरा परियोजनाको विवरणमा उल्लेख छ ।

आ.व. २०७४/०७५ बाट शुरु भएको यस आयोजना आर्थिक वर्ष २०८०/०८१ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । प्रारम्भिक लागत अनुमान रु.१ खर्ब ११ अर्ब अनुमान रहेकोमा संशोधित लागत रु.२ खर्ब १९ अर्ब पुग्ने अनुमान रहेकोछ । काठमाडौं-तराई मधेश द्रुतमार्ग सडक आयोजना प्रमुखको कार्यालय जंगी अड्डा, काठमाडौंको प्रतिवेदन अनुसार आ.व. २०७८/७९ मा आयोजनाको निम्ति रु.३० अर्ब ७ करोड बजेट विनियोजन भएकोमा रु.६१ करोड मात्र खर्च भएको छ । आ.व. २०७८/७९ अन्त्यसम्ममा सो आयोजनाको भौतिक प्रगति २१.१८ प्रतिशत र वित्तीय प्रगति १९.५८ प्रतिशत भएको देखिन्छ । ललितपुरको खोकनामा सडकको निर्धारित रेखाङ्कन क्षेत्रमा पुरातात्विक महत्वको मठ मन्दिर परेका कारण सडकको रेखाङ्कन परिवर्तन गर्नुपर्ने अवस्था र बेस क्याम्प तथा सडक निर्माण स्थलमा विद्युत् आपूर्ति सहज हुन नसकेकोले काममा केही ढीलाई भएको व्यहोरा सो प्रतिवेदनमा उल्लेख भएको छ ।

## ६.२. रोजगारी

प्रदेशको रोजगारी सम्बन्धी विवरणलाई वैदेशिक रोजगारी र आन्तरिक रोजगारी गरी दुई प्रकारका विभाजन गरी अध्ययन गरिएको छ ।

### ६.२.१ वैदेशिक रोजगारी

मधेश प्रदेशबाट वैदेशिक रोजगारीको लागि ठूलो संख्यामा श्रमिकहरू विदेश गएका छन । धनुषा जिल्ला मुलुककै सबभन्दा बढी वैदेशिक रोजगारीमा श्रमशक्ति पठाउने जिल्लाको रुपमा रहेको छ । वैदेशिक रोजगारीमा जाने कामदारको सङ्ख्या उल्लेख्य रहेतापनि अदक्ष कामदारको संख्या अधिक रहेकोले यसबाट राम्रो आम्दानी गर्न भने सकेको देखिँदैन । आर्थिक वर्ष २०७८/०७९ को अन्त्यसम्ममा मधेश प्रदेशबाट श्रम स्वीकृति लिनेको संख्या १ लाख ६९ हजार ५ सय २१ रहेको छ । यो संख्या वाह्य रोजगारीका लागि मुलुकभरिबाट श्रम स्वीकृति लिने संख्याको २६.९० प्रतिशत हो । यस सम्बन्धी विवरण तालिका नं. ६.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.१ : श्रम स्वीकृति लिनेहरूको संख्या**

| क्र.सं. | जिल्ला | श्रम स्वीकृति संख्या | मुलुकभरकोसँग तुलना (%) | मुलुकभरको जम्मा |
|---|---|---|---|---|
| १. | सप्तरी | १८,३२७ | २.९१ | ६,३०,०९० |
| २. | सिराहा | ३२,२३३ | ५.१२ | |
| ३. | धनुषा | ४१,२९३ | ६.५५ | |
| ४. | महोत्तरी | २८,९८९ | ४.६० | |
| ५. | सर्लाही | २०,०३२ | ३.१८ | |
| ६. | रौतहट | १२,६०७ | २.०० | |
| ७. | बारा | १०,३४५ | १.६४ | |
| ८. | पर्सा | ५,६९५ | ०.९० | |
| | **जम्मा** | **१,६९,५२१** | २६.९० | |

(स्रोत : श्रम विभाग, वार्षिक प्रतिवेदन २०७८/०७९)

### ६.२.२ आन्तरिक रोजगारी

आन्तरिक रोजगारी अन्तर्गत यस आर्थिक वर्षमा संघीय तथा प्रादेशिक सरकारले वार्षिक कार्यक्रम तथा आवधिक योजना मार्फत मधेश प्रदेशमा सञ्चालन गरेका रोजगारमूलक कार्यक्रमहरू देहाय बमोजिमा रहेका छन् ।

- सङघीय सरकारले मानव विकास सुचकाङ्कमा पछाडि परेका मधेश प्रदेशका सीमा क्षेत्रका जिल्लाको आर्थिक सामाजिक विकास एवम् पूर्वाधार निर्माणका लागि **तराई मधेश समृद्ध कार्यक्रम** सञ्चालन गरेको थियो ।
- स्थानीय तहमा संचालित सार्वजनिक बिकास निर्माणका कार्यहरू श्रममूलक प्रविधिमार्फत् सञ्चालन गर्न प्रत्येक स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भईरहेको छ ।
- सहुलियतपूर्ण कर्जा कार्यक्रम अन्तर्गत स्थानीय स्तरमै थप रोजगारी सृजना गर्ने अघिल्लो वर्षको लक्षलाई थप प्रभावकारी बनाउदै उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकास गर्न सहुलियतपूर्ण कर्जा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न विशेष जोड दिएको छ ।
- यस आ.व.को बजेट बक्तव्यमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट स्थानीय स्तरमा सञ्चालन हुने सडक, सिँचाई, भवन, पुल, नदी नियन्त्रण, वृक्षारोपण लगायत संघ, प्रदेश र स्थानीय तहका आयोजना तथा कार्यक्रममा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई रोजगार दिने गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ ।

**प्रदेश र स्थानीय सरकारबाट सञ्चालित रोजगार कार्यक्रम**

- प्रदेश सरकार र पालिकाहरूबाट संचालन गरिने विकास निर्माणका कार्यहरूमा यन्त्र उपकरणको प्रयोगलाई निरुत्साहित गरी श्रममूलक रोजगारी सृजना गर्ने कार्यक्रम समावेश गरेको छ ।
- कोभिड-१९ को कारण वैदेशिक रोजगार गुमाएर घर फर्किएका युवाहरूको रोजगारीको लागि मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय स्तरमा हुने विकास निर्माणका कार्यहरू, बाढी रोकथाम तथा नियन्त्रणका कार्यहरू, घरेलु तथा साना उद्योग व्यवसाय तथा आधुनिक कृषिजन्य क्रियाकलापमार्फत् रोजगारका अवसरहरू सिर्जना गर्ने कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गरेको छ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सुपरजोन, जोन, ब्लक र पकेट क्षेत्र कार्यक्रम संचालन गरी किसानहरूको उत्पादनमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न विभिन्न अनुदान, सहुलियतका सुविधा प्रदान गर्नुको साथै किसानहरूलाई विभिन्न किसिमका व्यावसायिक तालिम कार्यक्रमहरू संचालन गरी स्वरोजगारका अवसर सिर्जना गर्ने कार्यक्रम अघि बढेको छ ।

## ६.३ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना

मधेश प्रदेशको भौगोलिक धरातल उपयुक्त रहेकाले ठूला उद्योगहरू स्थापना गरी सोबाट आर्थिक गतिविधि बढाउनुका साथै रोजगारी सिर्जना हुने अवसर देखिन्छ । यसका साथै पुर्व पश्चिम राजमार्ग विस्तार तथा काठमाडौलाई तराईसँग जोड्ने फाष्ट ट्र्याक निर्माणको चरणमा रहेकोले यसबाट समेत रोजगारीका अवसर सिर्जना गर्न केही टेवा पुग्ने देखिन्छ । निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता ठूला पूर्वाधारहरू तयार हुने नीतिगत निर्णय भईसकेको भए पनि काम अघि बढ्न सकेको छैन । सुनकोशी मरिन डाईभर्शनलाई सर्लाही जिल्लाको बागमती सिँचाई आयोजनामा जोड्ने जस्ता ठूला पूर्वाधार आयोजनाहरू अघि बढिरहेका छन् भने

हुलाकी राजमार्ग पनि निर्माणको चरणमा रहेको छ । यद्यपि मधेश प्रदेशमा पूर्वाधार र रोजगारी क्षेत्रमा निम्नानुसार चुनौती तथा सम्भावनाहरू रहेका छन् ।

### ६.३.१ चुनौतीहरू

- मधेश प्रदेशमा शुरु भएका हुलाकी राजमार्ग, काठमाडौ–निजगढ द्रुतमार्ग, राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू निर्धारित लागत र समय तालिकामा सम्पन्न गर्नु ।
- पूर्वाधार क्षेत्रको विकासमा निजी र वैदेशिक लगानी आकर्षित गरी मधेश प्रदेशलाई लगानीयोग्य क्षेत्रको रुपमा विकास गर्नु ।
- सार्वजनिक-निजी-साझेदारी कार्यक्रममार्फत् ठूला पूर्वाधार कार्यक्रम तथा औद्योगिक क्षेत्रमा लगानी अभिवृद्धि गर्नुका साथै रोजगारी सिजना गर्नु ।
- पूर्वाधार क्षेत्रको विकासमा आउने समस्याहरू समाधान गर्न अन्तर-निकाय समन्वय कायम गर्ने र निर्माण शुरु भएका आयोजनाहरूको काम समयमै सम्पन्न गर्न निर्माण व्यावसायी र ठेकेदारको क्षमता अभिवृद्धि गर्नु ।
- राष्ट्रिय गौरव लगायत ठूला पूर्वाधार क्षेत्रको निर्माणको लागि विभिन्न सरोकारवाला निकाय तथा क्षेत्रहरूबीच समन्वय कायम गर्नु ।
- सप्तरी जिल्लामा रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा डेरी र केही खाद्य उद्योगहरू बाहेक अन्य ठुला उद्योगहरू सञ्चालनमा नरहेको सन्दर्भमा उक्त औद्योगिक क्षेत्रको व्यवस्थापनमा सुधार ल्याई थप उद्योगहरू सञ्चालन हुने वातावरण तयार पार्नु ।
- अव्यवस्थित रुपमा बढ्ने शहरीकरणले औद्योगिक क्षेत्रको लागि चाहिने जग्गा उपलब्ध हुन सक्ने वातावरण नरहेकोले शहरीकरणलाई व्यवस्थित बनाउनु ।
- मधेश प्रदेशमा मात्र रहेको रेलवे सेवाको प्रभावकारी सञ्चालनको लागि दक्ष जनशक्तिको व्यवस्थापन गरी दिगो र भरपर्दो रुपमा सञ्चालन गर्नु ।
- पुर्व पश्चिम राजमार्गको चौडाई विस्तार गर्ने काम शुरु भएकोमा सो काम समयमै काम सम्पन्न गर्नु ।
- निर्माण सम्पन्न भएका कमला बाँध, ढल्केबर जनकपुर सडक जस्ता पूर्वाधार आयोजनाहरूको समय समयमा मर्मत संभार गरी यसको दिगोपना कायम गर्नु ।
- प्रदेश र स्थानीय तहमा बनेका भौतिक पूर्वाधारहरूको गुणस्तर कायम गरी दिगो रुपमा सञ्चालन गर्नु ।

- मधेश प्रदेशमा अनुकुल रहेका भौगोलिक स्वरुपको उपयोग गर्दै उत्पादनमूलक उद्योगहरूमा लगानी अभिवृद्धि गरी रोजगारी सृजना गर्नु ।

### ६.३.२ सम्भावना

- मधेश प्रदेश भौगोलिक दृष्टिकोणले समतल भू-भागमा रहेकोले पूर्वाधार निर्माणको लागि तुलनात्मक हिसाबले कम लागतमा अन्तरराष्ट्रिय विमानस्थल जस्ता ठूला पूर्वाधारहरूको विकास तथा निर्माण हुन सक्ने सम्भावना रहेको देखिन्छ ।
- कृषिजन्य उद्योगसँग सम्बन्धित पूर्वाधारको विकास तथा सेवाको विस्तार गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सकिने सम्भावना रहेको छ ।
- मधेश प्रदेशको भौगोलिक सुगमता तथा यहाँको आर्थिक रुपले सक्रिय जनशक्तिको लाभ लिँदै कृषि र उद्योगको विकासमार्फत् पर्याप्त आन्तरिक रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको देखिन्छ ।
- पर्यटन विकासका लागि अन्य भौतिक पूर्वाधारहरूको विकास गरी पर्यटन क्षेत्रको प्रवर्द्धन मार्फत प्रादेशिक आय र रोजगारी बढाउन सकिने सम्भावना रहेको छ ।
- उपयुक्त धरातलीय स्वरुप र भौगोलिक सुगमताको उपयोग गरी यहाँ ठूला विश्वविद्यालय तथा अस्पतालहरू स्थापना गरी रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।
- सूचना प्रविधि क्षेत्रमा भएको तीव्र विकासलाई प्रयोग गरी यहाँको जनसांख्यिकीय तथा भौगोलिक सुगमताको उच्चतम प्रयोग गरी औद्योगिक क्रियाकलापमार्फत् लाभ लिन सकिने सम्भावना रहेको देखिन्छ ।
- मुलुककै सबैभन्दा ठूलो सप्तकोशी नदी मधेश प्रदेशको सीमा हुँदै बग्ने भएकोले सो नदीको उपयुक्त स्थानमा बाँध बाँधी नहर निर्माण गर्न सके प्रदेशको कृषि योग्य भूमिमा सिँचाई सुविधा पुग्न सक्ने सम्भावना रहेको देखिन्छ ।

## परिच्छेद : ७

# प्रादेशिक कार्यक्रम तथा योजना

### ७.१ मधेश प्रदेश सरकारको बजेट तथा कार्यक्रम

#### ७.१.१ मधेश प्रदेश सरकारको बजेट कार्यान्वयनको स्थिति

मधेश प्रदेश सरकारको आ.व. २०७८/०७९ को बजेटमा अनुमानित चालु खर्च र पुँजीगत खर्च क्रमशः रु.१ हजार ५ सय ३१ करोड र रु.१ हजार ९ सय ५६ करोड रहेकोमा वास्तविक चालु खर्च र पुँजीगत खर्च क्रमशः रु.१ हजार ३४ करोड र रु.१ हजार १ सय ९२ करोड भएको छ । उक्त बजेटमा कुल राजश्व रु.१ हजार २ सय ३३ करोड संकलन गर्ने लक्ष्य रहेकोमा कुल राजश्व रु. १ हजार ४ सय ९७ करोड संकलन भएको छ जुन रकम लक्ष्यको १२१ प्रतिशत हुन आउँछ । कोभिड-१९ को प्रभाव कम भई अर्थतन्त्र चलयमान हुनगएको कारण राजश्व संकलनमा उल्लेखनीय वृद्धि भएको पाइन्छ । त्यसैगरी अनुदान तथा हस्तान्तरण अन्तर्गत संघिय सरकारबाट प्रदेश सरकारलाई रु.१ हजार ५ सय १० करोड प्राप्त भएको छ । यस सम्बन्धी विवरणलाई तालिका ७.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७.१ : आ.व.२०७८/०७९को मधेश प्रदेशको सरकारी वित्त**


| शीर्षक | बजेट (रु.करोडमा) | खर्च/असुली/निकासा | |
|---|---|---|---|
| | | रु.करोडमा | प्रतिशत |
| कुल खर्च | ३,४८८.७८ | २,२२६.५६ | ६३.८२ |
| चालु खर्च | १,५३१.९२ | १,०३४.१० | ६७.५० |
| पुँजीगत खर्च | १,९५६.८६ | १,१९२.४६ | ६०.९४ |
| कुल राजश्व | १,२३३.८० | १,४९७.५२ | १२१.३७ |
| कुल अनुदान प्राप्ती | ७३९.३४ | ७३९.३४ | १००.०० |

(स्रोत : मधेश प्रदेश सरकार, अर्थ मन्त्रालय र मधेश प्रदेश लेखा नियन्त्रक कार्यालय)

#### ७.१.२ मधेश प्रदेश सरकारको राजश्व संकलनको स्थिति

मधेश प्रदेश सरकारले आ.व. २०७८/०७९ मा कर राजश्व रु.१ हजार १ सय १८ करोड संकलन गर्ने लक्ष्य राखेकोमा रु.१ हजार १ सय ६६ करोड संकलन भएको छ भने गैर कर राजश्व १ सय १४ करोड संकलन गर्ने लक्ष्य राखेकोमा रु.३ सय ३१ करोड संकलन भएको छ । कुल राजश्वमा कर राजश्व र गैरकर राजश्वको अंश क्रमशः ७७.८९ प्रतिशत र २२.११ प्रतिशत रहेको छ । यस सम्बन्धी विवरणलाई चार्ट ७.१ मा प्रस्तुत गरिएको छ ।

**चार्ट ७.१ : कुल राजश्वमा कर राजश्व र गैरकर राजश्वको अंश**





(स्रोत : मधेश प्रदेश लेखा नियन्त्रक कार्यालय)

### ७.१.३ नेपाल सरकारबाट प्राप्त अनुदानको स्थिति

आ.व.२०७८/०७९ मधेश प्रदेश सरकारलाई नेपाल सरकारबाट रु.१ हजार ५ सय १० करोड अनुदान प्राप्त भएको छ । उक्त अनुदान मध्ये सबैभन्दा बढी समानिकरण अनुदानको हिस्सा ४८.६४ प्रतिशत रहेको छ भने सबभन्दा कम समपुरक अनुदानको हिस्सा ०.१९ प्रतिशत रहेको छ । यस विवरणलाई चार्ट ७.२ मा प्रस्तुत गरिएको छ ।

**चार्ट ७.२ : नेपाल सरकारबाट प्राप्त अनुदानको संरचना**





(स्रोत : मधेश प्रदेश लेखा नियन्त्रक कार्यालय)

### ७.१.४ मधेश प्रदेश सरकारको जिल्लागत खर्चको स्थिति

प्रदेश सरकारले आ.व.२०७८/०७९ सबैभन्द बढी धनुषा जिल्लामा ३५.७८ प्रतिशत अर्थात रु.७ सय ९६ करोड खर्च गरको छ भने सबैभन्दा कम बारा जिल्ला ५.७८ प्रतिशत अर्थात रु.१ सय २८ करोड मात्र खर्च गरेको छ । यस सम्बन्धी विवरणलाई चार्ट ७.३ मा प्रस्तुत गरिएको छ ।

**चार्ट ७.३ : प्रदेश सरकारको जिल्लागत खर्च विवरण**





(स्रोत : मधेश प्रदेश लेखा नियन्त्रक कार्यालय)

## ७.२ मधेश प्रदेश सरकारको वित्तिय हस्तान्तरण

आ.व.२०७८/०७९ मा मधेश प्रदेश सरकारले वित्तिय हस्तान्तरण मार्फत जम्मा रु.३ सय ३३ करोड १३६ वटा स्थानिय तहमा हस्तान्तरण गरेको छ । जसमध्ये सबैभन्दा बढी सशर्त अनुदान ४८.७९ प्रतिशत अर्थात रु.१ सय ६२ करोड र सबैभन्दा कम समपुरक अनुदान ५.८८ प्रतिशत अर्थात रु.१९ करोड रहेको छ । यस सम्बन्धी विवरणलाई चाट ७.४ मा देखाइएको छ ।

**चार्ट ७.४ : प्रदेश सरकारको वित्तिय हस्तान्तरण विवरण**




(स्रोत : मधेश प्रदेश लेखा नियन्त्रक कार्यालय)

आ.व.२०७८/०७९ मा यस प्रदेशले सवारी साधन कर बापत जम्मा रु.२ सय १० करोड संकलन गरेको छ । उक्त रकमको ४० प्रतिशतले हुन आउने रकम रु.८४ करोड प्रदेश सरकारले स्थानिय तहमा हस्तान्तरण गर्नेछ ।

# परिच्छेदः ८
# आर्थिक परिदृश्य

## ८.१ प्रदेशको आर्थिक परिदृश्य

प्रदेशका कृषि विज्ञ, पशुपंक्षी विज्ञ, मालपोत कार्यालय, यातायात व्यवस्था कार्यालय, डिभिजन वन कार्यालय, उद्योगी/व्यावसायी तथा अन्य सरोकारवाला निकायहरूबाट आर्थिक परिदृश्य सम्बन्धी प्रश्नावलीमार्फत प्राप्त प्रतिक्रिया तथा जानकारीका आधारमा आर्थिक परिदृश्यको विश्लेषण गर्दा मधेश प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको गतिविधि आगामी आर्थिक वर्षहरूमा बढ्दै जाने अनुमान रहेको छ । विगत वर्षहरूमा आर्थिक गतिविधिहरूमा चुनौतीको रुपमा देखा परेको कोरोना भाइरस (कोभिड–१९) को संक्रमण विस्तारै घट्दै गएको र प्रदेशको आर्थिक गतिविधिहरूमा यसको नकारात्मक प्रभाव कम हुँदै गएको अवस्था रहेकोले आर्थिक गतिविधिहरू चलायमान हुने देखिन्छ ।

### ८.१.१ कृषि तथा वनजन्य उत्पादन

मधेश प्रदेशमा सिञ्चित जमिनको क्षेत्रफल विस्तार भएका र प्राय सबै मौसम र समयमा नै वर्षा भएकोले आगामी दिनमा हिउँदे कृषि बाली र अन्य मौसमका अन्न बालीहरूको उत्पादनमा वृद्धि हुन सक्ने देखिन्छ । त्यसरी नै मधेश प्रदेशका जिल्लाहरूको लागि ठूला सिँचाई आयोजना लगायत परम्परागत सिँचाई प्रणाली पनि विस्तार भइरहेकोले आगामी वर्षहरूमा सिँचाईको सहज उपलब्धताले कृषि बालीको उत्पादनमा थप वृद्धि हुने अनुमान रहेको छ ।

साथै, हाँस तथा कुखुरा पालन, राँगा तथा बाखापालन व्यवसाय बढ्नुका साथै स्रोत केन्द्र स्थापना भएको, माछापालन व्यवसायका लागि पोखरीहरूको संख्या बढेको आदि कारणहरूले गर्दा आगामी दिनमा दुध, अण्डा, माछा तथा मासु उत्पादनमा समेत वृद्धि हुने देखिन्छ ।

सरकारले प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना मार्फत् यो प्रदेशको धनुषा र बारा जिल्लालाई माछा पालन सुपरजोन; सिराहा, धनुषा र सर्लाही जिल्लालाई धानको जोन; महोत्तरी, रौतहट र पर्सालाई तरकारी जोन; सिराहा र सप्तरीलाई आँपको जोन र रौतहट जिल्लालाई धानको बिउ जोनको रुपमा घोषणा गरी विभिन्न किसिमका अनुदान, सहुलियत र किसान क्षमता विकास कार्यक्रम सञ्चालन गरिरहेको हुँदा मधेश प्रदेशमा कृषि क्षेत्रको योगदान आउँदो दिनमा क्रमशः बढ्दै जाने देखिन्छ ।

स्यालो ट्युब वेलबाट सिञ्चित जमिनको क्षेत्रफल बढेको, ब्लक तथा पकेट कार्यक्रमबाट सिँचाई तथा कृषि यान्त्रिकीकरण जस्ता व्यवसायिक खेतीका पूर्वाधारहरू बनेको, तरकारी खेतीहरूमा अनुदान प्राप्त भई व्यवसायिक तरकारी खेतीतर्फ किसानहरू अग्रसर रहेकोले उत्पादन परिमाण र खेती गरिएको क्षेत्रफल बढ्ने सम्भावना रहेको छ । तरकारी र फलफूल स्वरोजगार कार्यक्रम, उन्नत जातको बीउबिजन, कस्टम हायरिङ जस्ता सुविधाहरूले तरकारी तथा फलफूल उत्पादनमा थप राहत हुने देखिन्छ ।

मधेश प्रदेशको धेरै भागहरू चुरे वन क्षेत्र अन्तर्गत रहेको हुँदा यहाँका वनबाट न्युन वन पैदावार उत्पादन भैरहेको र वनजन्य उत्पादनमा वृद्धि हुन सक्ने अवस्था रहेको देखिँदैन भने नयाँ वनक्षेत्रबाट काठ कटान हुने सम्भावना समेत नरहेकोले वनजन्य उत्पादन यथास्थितिमा नै रहने अनुमान रहेको छ ।

### ८.१.२ औद्योगिक उत्पादन

विश्वव्यापी रुपमा बढेको कोभिड-१९ को संक्रमण विस्तारै घट्दै गएकोले विगत केही समय यता औद्योगिक गतिविधिहरू विस्तार भएको छ । कोरोना संक्रमणका समयमा कम क्षमतामा सञ्चालनमा रहेका उद्योगहरू आर्थिक गतिविधिको अवस्था सुधारसँगै क्षमता अनुरुप चल्न थालेको, कच्चा पदार्थहरूको आपूर्ति सहज रहेको तथा ढुवानी यातायात आदि चलायमान भइसकेकाले आगामी आर्थिक वर्षमा औद्योगिक गतिविधि विस्तार हुने र औद्योगिक उत्पादन बढ्न सक्ने देखिन्छ । प्रदेशभित्र सञ्चालित चिनी, पेय पदार्थ, कागज, फलामको छड, औषधीजन्य वस्तु उत्पादन गर्ने उद्योगहरूको क्षमता उपयोगको अवस्था विगतको तुलनामा सुधार आएको कारण यी वस्तुहरूको औद्योगिक उत्पादन बढ्ने अनुमान रहेको छ । तथापि, बैंकिङ्ग क्षेत्रमा लगानीयोग्य रकमको कमीले आगामी दिनमा बैंक कर्जा विस्तार हुन नसकी औद्योगिक क्षेत्रमा जाने कर्जा सहज नभए औद्योगिक उत्पादन प्रभावित हुन सक्ने देखिन्छ ।

### ८.१.३ सेवा क्षेत्र

कुल गार्हस्थ्य उत्पादनमा चालु आर्थिक वर्षको बाँकी अवधि तथा आगामी वर्षमा सेवा क्षेत्रको योगदान क्रमशः बढ्दै जाने देखिन्छ । कोभिड-१९ को संक्रमण क्रमशः कम भएसँगै होटल तथा रेष्टुरेन्टहरूको सञ्चालन क्षमतामा विस्तार हुन थालेको, आन्तरिक पर्यटन सम्बन्धी गतिविधि बढ्न थालेको, भारत तथा तेश्रो मुलुकबाट आउने पर्यटकहरूको संख्या बढ्न थालेको, स्वास्थ्य संस्थाहरू पूर्ण रुपमा सञ्चालन हुन थालेको, थोक तथा खुद्रा व्यापार तथा सवारी साधन र विद्यालयहरू पूर्णरुपमा सञ्चालनमा आएकोले आगामी आर्थिक वर्षमा सेवा क्षेत्रको आर्थिक वृद्धिमा सुधार हुने सम्भावना रहेको छ ।

### ८.१.४ पूर्वाधार क्षेत्र

भौतिक पूर्वाधार क्षेत्र अन्तर्गत जयनगर कुर्था रेलवेको बाँकी खण्ड निर्माण हुने क्रममा रहेको, हुलाकी राजमार्गको बाँकी काम निर्माणको क्रममा रहेको तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थललाई सरकारले कार्यक्रम तथा बजेटको माध्यमबाट प्राथमिकतामा राखेको र सुनकोशी मरिन डाईभर्शन परियोजनाको काम अघि बढिरहेको तथा सोको अन्तिम चरणमा सर्लाही जिल्लास्थित बागमती सिँचाई आयोजनास्थलमा पुऱ्याई बाँध विस्तार गरिने भएकोले आगामी आर्थिक वर्षहरूमा पूर्वाधारको क्षेत्रमा प्रगति हुने देखिन्छ ।